प्रारम्भिक मस्यौदा

# उच्च शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना: विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाको स्थापना, सञ्चालन र नियमन सम्बन्धी कार्यलाई व्यवस्थित गरी उच्च शिक्षाको अध्ययन, अनुसन्धान र नवपर्वतनको अवसर अभिवृद्धि गर्दै समुन्नत राष्ट्र निर्माणका लागि आवश्यक गुणस्तरीय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी उच्चस्तरको मानवश्रोत तयार गर्न उच्च शिक्षा सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "उच्च शिक्षा ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष "भन्नाले उच्च शिक्षा आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आङ्गिक क्याम्पस "भन्नाले विश्वविद्यालय आफैले सञ्चालन गरेको क्याम्पस सम्झनु पर्छ ।

(ग) "आयोग "भन्नाले दफा ५० बमोजिमको उच्च शिक्षा आयोग सम्झनु पर्छ ।

(घ) "उच्च शिक्षण संस्था "भन्नाले विश्वविद्यालय वा उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्था सम्झनु पर्छ ।

(ङ) "उच्च शिक्षा "भन्नाले स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षा सम्झनु पर्छ ।

(च) "उपकुलपति" भन्नाले विश्वविद्यालयको उपकुलपति सम्झन पर्छ र सो शब्दले विश्वविद्यालयको पदाधिकारीमा उपकुलपतिको व्यवस्था नभई अध्यक्ष रहने भएमा त्यस्तो अध्यक्षलाई समेत जनाउँछ ।

(छ) "केन्द्रीय विश्वविद्यालय" भन्नाले नेपाल सरकारले सञ्चालन गरेका वा सञ्चालन गर्न अनुमति दिएका विश्वविद्यालय सम्झनु पर्छ ।

(ज) "तोकिएको " वा " तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "प्रदेश विश्वविद्यालय "भन्नाले प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको अनुमति लिई स्थापना हुने विश्वविद्यालय सम्झनु पर्छ ।

(ञ) "प्राविधिक विषय" भन्नाले चिकित्सा, इन्जिनियरिङ्ग, वन, कृषि तथा पशु विज्ञान विषय सम्झनु पर्छ र यस शब्दले नेपाल सरकारले प्राविधिक विषय भनी तोकेका अन्य विषयलाई समेत जनाउँछ ।

(ट) "बोर्ड अफ टस्ट्रीज" भन्नाले विश्वविद्यालयको सर्वोच्च निकायको रुपमा कार्य गर्न गठन भएको बोर्ड अफ टस्ट्रीज सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय "भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ड) "मानित विश्वविद्यालय" भन्नाले विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक लगायतका अन्य अधिकारहरू निहित रहेको तर सम्बन्धन दिन नपाउने गरी स्थापना भएको विश्वविद्यालयलाई सम्झनु पर्छ ।

(ढ) "विधान" भन्नाले विश्वविद्यालय स्थापना तथा सञ्चालनको लागि आयोग वा प्रदेश कानूनबमोजिमको निकायबाट स्वीकृत भएको विधान सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालय स्थापना तथा सञ्चालनको लागि जारी स्वीकृत चार्टर समेतलाई जनाउँछ।

(ण) "विश्वविद्यालय" भन्नाले दफा १९ बमोजिम स्थापना भएको केन्द्रीय विश्वविद्यालय, प्रदेश विश्वविद्यालय र मानित विश्वविद्यालय सम्झनु पर्छ र सो शब्दले सबै प्रकारका प्रतिष्ठान वा उच्च शिक्षण संस्थालाई समेत जनाउँछ ।

(त) "शिक्षक "भन्नाले विश्वविद्यालयमा अध्यापन वा अनुसन्धान गर्ने, गराउने प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक वा सहायक प्राध्यापक सम्झनु पर्छ र सो शब्दले उच्च शिक्षण संस्थाका विभिन्न तहका प्रशिक्षक वा यस ऐन अन्तर्गत बनेको नियम वा विधानमा शिक्षक भनी तोकिएको व्यक्तिलाई समेत जनाउँछ ।

(थ) "सेवा आयोग" भन्नाले केन्द्रीय विश्वविद्यालय तथा अन्य विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न दफा ३६ बमोजिम गठित विश्वविद्यालय सेवा आयोग सम्झनु पर्छ ।

## परिच्छेद-२

## उच्च शिक्षाका उद्देश्य तथा राष्ट्रिय मापदण्ड

३. उच्च शिक्षाका उद्देश्यः (१) उच्च शिक्षाका उद्देश्य देहाय बमोजिम हुनेछन्:-

(क) उच्च शिक्षाको सर्वसुलभ पहुँच एवम् गुणस्तर अभिवृद्धि गरी अन्तर्राष्ट्रिय स्तरमा समकक्षी तथा प्रतिस्पर्धी दक्ष मानव पूँजी उत्पादन गर्ने,

(ख) उच्च शिक्षालाई अधिकतम अनुसन्धान, अन्वेषण र नवप्रवर्तनमूलक बनाई मुलुकलाई आवश्यक भएको सबै क्षेत्रमा उच्चस्तरको प्रविधि र जनशक्ति विकास गर्ने,

(ग) गुणस्तर प्रत्यायन प्रणाली र राष्ट्रिय योग्यता प्रारूपमा आधारित शैक्षिक प्रणाली कार्यान्वयन मार्फत उच्च शिक्षालाई व्यवस्थित, मर्यादित र उत्तरदायी बनाउने,

(घ) राष्ट्रिय आवश्यकता र प्राथमिकता अनुरूपको मानवपूँजी तयार गरी ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्ने,

(ङ) गैर नाफामूलक विश्वविद्यालय सञ्चालन, छात्रवृत्ति र सकारात्मक विभेदका कार्यक्रम मार्फत उच्च शिक्षामा सीमान्तकृत वर्ग, समुदाय र क्षेत्रको समतामूलक सहभागिता सुनिश्चित गर्ने,

(च) उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा शिक्षण संस्थालाई प्रतिस्पर्धी एवम् नतिजामुखी बनाई अन्तर्राष्ट्रियस्तरको शैक्षिक कार्यक्रम सञ्चालनमा सक्षम बनाउने,

(छ) विशिष्टीकृत विश्वविद्यालय स्थापना तथा सञ्चालन गरी विश्वबजार अनुकुलका बहुविधाका शैक्षिक कार्यक्रम तथा अनुसन्धान कार्य मार्फत मुलुकलाई अन्तर्राष्ट्रिय शैक्षिक केन्द्रको (इन्टरनेशनल एजुकेश हब) रूपमा विकसित गर्ने ।

(२) उपदफा (१) बमोजिमका उच्च शिक्षाका उद्देश्य पूरा गर्न विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाहरू सञ्चालन हुनेछन् ।

४. <u>राष्ट्रिय मापदण्डः</u> (१) विश्वविद्यालयको स्थापना तथा सञ्चालनका राष्ट्रिय मापदण्ड देहाय बमोजिम हुनेछन्:-

(क) विश्वविद्यालय स्थापनाको लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार,

(ख) निर्धारित संख्यामा शिक्षक विद्यार्थी अनुपात,

(ग) लगानी तथा स्रोतको व्यवस्थापन तथा मानवस्रोतको व्यवस्था,

(घ) सञ्चालन हुने शैक्षिक कार्यक्रम र त्यसको उपादेयता ।

(२) केन्द्रीय विश्वविद्यालय, प्रदेश विश्वविद्यालय र मानित विश्वविद्यालको स्थापना तथा सञ्चालन, शैक्षिक परामर्श सेवा सञ्चालन, विदेशी विश्वविद्यालयको सम्बन्धनमा सञ्चालन हुने उच्च शिक्षाको शैक्षिक कार्यक्रम लगायतका विषयमा आयोगले भौतिक पूर्वाधार, शैक्षिक तथा प्राज्ञिक र अन्य आवश्यक पूर्वाधार सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण गर्ने र आवश्यकता अनुसार परिमार्जन गर्नेछ।

(३) यस ऐन बमोजिम स्थापना एवम् सञ्चालन हुने सबै किसिमका विश्वविद्यालयले उपदफा (१) र (२) बमोजिमको राष्ट्रिय मापदण्ड पूरा गर्नुपर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु अघि स्थापना एवम् सञ्चालन भएका विश्वविद्यालयले यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्ष भित्र राष्ट्रिय मापदण्ड पूरा गर्नुपर्नेछ ।

(५) उपदफा (१) र (२) बमोजिम राष्ट्रिय मापदण्ड पूरा नगर्ने विश्वविद्यालयलाई दिइने अनुदान रकम कट्टा गरिनेछ ।

(६) यस दफा बमोजिमको राष्ट्रिय मापदण्डको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(७) राष्ट्रिय मापदण्ड सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-३

## विश्वविद्यालयको संगठन सम्बन्धी व्यवस्था

५. विश्वविद्यालयको संगठन : (१) यस ऐन बमोजिम स्थापना र सञ्चालन हुने विश्वविद्यालयको संगठनात्मक संरचना देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालय सभा वा सभाको काम गर्न गठित बोर्ड अफ ट्रष्टिज वा समिति वा परिषद् वा निकाय,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) अध्ययन संस्थान वा संकाय वा स्कूल,

(ङ) केन्द्रीय विभाग वा सेन्ट्रल डिपार्टमेन्ट,

(च) अनुसन्धान केन्द्र तथा उत्पादन केन्द्र,

(छ) क्याम्पस वा कलेज,

(ज) अन्य निकायहरू ।

(२) उपदफा (१) बमोजिमका संरचनाका संगठनहरूको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछ ।

६. विश्वविद्यालय सभाको गठन: (१) विश्वविद्यालयमा सर्वोच्च निकायको रुपमा एक विश्वविद्यालय सभा वा बोर्ड अफ ट्रष्टिज वा परिषद वा निकाय रहनेछ।

(२) उपदफा (१) बमोजिमको विश्वविद्यालय सभा वा बोर्ड अफ ट्रष्टिज वा परिषद वा निकायको गठन विधान वा चार्टर बमोजिम हुनेछ ।

७. विश्वविद्यालय सभा वा सभाको काम गर्न गठित बोर्ड अफ ट्रष्टिज वा समिति वा परिषद् वा निकायको काम, कर्तव्य र अधिकार: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त विश्वविद्यालय सभा वा सभाको काम गर्न गठित बोर्ड अफ ट्रष्टिज वा समिति वा परिषद् वा निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको प्राज्ञिक, शैक्षिक, व्यवस्थापकीय, व्यावसायिक तथा अन्य आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने,

(ख) विश्वविद्यालयको उद्देश्य अनुरूप विश्वविद्यालयको अल्पकालीन तथा दीर्घकालीन योजना तथा रणनीति स्वीकृत गर्ने,

(ग) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(घ) विश्वविद्यालयको लागि आवश्यक पर्ने नियम स्वीकृत गर्ने,

(ङ) विश्वविद्यालयका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने वा गराउने,

(च) विश्वविद्यालयबाट प्रदान गरिने उपाधिहरू निर्धारण गर्ने र प्रदान गर्ने,

(छ) अनुसन्धानकर्ता, कर्मचारी र शिक्षकको सेवाका शर्त, तलव तथा सुविधा निर्धारण गर्ने,

(ज) विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूल, कलेज, अनुसन्धान केन्द्र, उत्पादन केन्द्रको स्थापना र शिक्षण अस्पतालको सञ्चालन तथा नयाँ कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने,

(झ) विश्वविद्यालयको प्राज्ञिकमूल्य र मान्यतालाई संरक्षण र सम्वर्द्धन गर्ने, र

(ञ) विश्वविद्यालयकोकार्य सुचारु रुपले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने।

८. <u>प्राज्ञिक परिषद्को गठन</u>: (१) प्रत्येक विश्वविद्यालयको प्राज्ञिक निकायको रुपमा काम गर्न एउटा प्राज्ञिक परिषद् हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्राज्ञिक परिषद्को गठन सम्बन्धित विश्वविद्यालयको विधान वा चार्टर बमोजिम हुनेछ ।

९. <u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार</u>: प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयमा अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयको पाठ्यक्रम निर्धारण तथा स्वीकृत गर्ने,

(ख) विश्वविद्यालयको प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यक्रमलाई स्वीकृति प्रदान गर्ने,

(ग) विद्यार्थी भर्नाको योग्यता तथा आधार, विधा परिवर्तन विधि, सिकाई मूल्याङ्कन विधि र परीक्षाको किसिम निर्धारण गर्ने,

(घ) विश्वविद्यालयको शैक्षिक गुणस्तर कायम राख्न आवश्यक कार्य गर्ने,

(ङ) विश्वविद्यालयद्वारा प्रदान गरिने विभिन्न उपाधिको लागि विश्वविद्यालय परिषद्मा सिफारिस गर्ने,

(च) प्राज्ञिक तथा अनुसन्धानका विषयमा कार्यकारी परिषद्लाई राय सल्लाह दिने,

(छ) विश्वविद्यालय सभा वा सभाको काम गर्न गठित बोर्ड अफ ट्रष्टिज वा समिति वा परिषद् वा निकायले तोकिदिएका अन्य कार्यहरू गर्ने।

१०. <u>कार्यकारी परिषद्को गठन</u>: (१) प्रत्येक विश्वविद्यालयको कार्यकारी निकायको रुपमा काम गर्न एउटा कार्यकारी परिषद् हुनेछ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय काठमाडौं, नेपाल

(२) उपदफा (१) बमोजिमको कार्यकारी परिषदको गठन सम्बन्धित विश्वविद्यालयको विधान वा चार्टर बमोजिम हुनेछः-

११. <u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालय परिषद्को निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने,

(ख) विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि विश्वविद्यालय परिषद्मा पेश गर्ने,

(ग) विश्वविद्यालयको कोष तथा चल, अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(घ) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कूल, कलेज, अनुसन्धान केन्द्र, उत्पादन केन्द्रको स्थापना र शिक्षण अस्पतालको सञ्चालन तथा नयाँ कार्यक्रम सञ्चालन गर्न विश्वविद्यालय परिषद्मा प्रस्ताव पेश गर्ने,

(ङ) विश्वविद्यालयको लागि आवश्यक शिक्षक तथा कर्मचारीहरूको नियुक्ति र बढुवा गर्ने,

(च) विद्यार्थी शुल्क निर्धारण गर्ने,

(छ) आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति वा कार्य दल गठन गर्ने,

(ज) विश्वविद्यालयले प्रदान गर्ने शैक्षिक तथा चिकित्सा सेवाको गुणस्तर सुनिश्चित गर्ने वा गराउने,

(झ) विश्वविद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह, सहकारी तथा निजी क्षेत्र बीच समन्वय गर्ने,

(ञ) कार्यकारी परिषद्लाई तोकिएका अन्य कार्य गर्ने वा गराउने ।

१२. <u>अन्य निकायको काम, कर्तव्य र अधिकारः</u> विश्वविद्यालय संगठनात्मक संरचना अन्तर्गत रहेका अन्य निकायका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन् ।

## परिच्छेद- ४

## <u>विश्वविद्यालयका पदाधिकारी सम्बन्धी व्यवस्था</u>

१३. <u>विश्वविद्यालयका पदाधिकारीहरूः</u> (१) यस ऐन बमोजिम स्थापना र सञ्चालन हुने विश्वविद्यालयमा देहायका पदाधिकारीहरू रहनेछन्:-

(क) कुलपति वा सभापति वा चेयरमेन,

(ख) उपकुलपति वा प्रेसिडेन्ट,

(ग) शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्ट

(घ) रजिष्ट्रार वा कुलसचिव वा भाइस प्रेसिडेन्ट,

(ङ) डीन,

(च) अन्य पदाधिकारीहरू।

(२) विश्वविद्यालयका पदाधिकारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. <u>कुलपति वा सभापति वा चेयरमेन:</u> (१) कुलपति वा सभापति वा चेयरमेन विश्वविद्यालयको प्रमुख पदाधिकारी हुनेछ ।

(२) उपदफा (१) बमोजिमको पदाधिकारी विश्वविद्यालय सभाको अध्यक्ष हुनेछ र निजले विश्वविद्यालय वा विश्वविद्यालयसंग सम्बन्धित जुनसुकै विषय वा वस्तुको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ ।

१५. <u>उपकुलपति वा प्रेसिडेन्ट:</u> (१) उपकुलपति वा प्रेसिडेन्ट विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(२) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपति वा प्रेसिडेन्टको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालय सभा वा सभाको काम गर्न गठित बोर्ड अफ ट्रष्टिज वा समिति वा परिषद् वा निकायको निर्णय र निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ख) विश्वविद्यालयका सबै काम कारबाही उपर सामान्यतः नियन्त्रण र रेखदेख गर्ने,

(ग) विश्वविद्यालयको काम कारबाहीमा आफ्नो अधिकार क्षेत्र भित्र रहेको विषयमा निर्देशन दिने,

(घ) विश्वविद्यालयद्वारा सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने वा गराउने र सोको प्रतिवेदन कार्यकारी परिषदमा पेश गर्ने,

(ङ) विश्वविद्यालय सभा वा सभाको काम गर्न गठित बोर्ड अफ ट्रष्टिज वा समिति वा परिषद् वा निकायमा पेश गर्नु पर्ने प्रस्ताव पेश गर्न लगाउने,

(च) विश्वविद्यालयको विकासका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम तय गर्ने वा गराउने,

(छ) विश्वविद्यालयलाई आवश्यक स्रोतको व्यवस्था गर्ने,

(ज) आर्थिक अनुशासन, मितव्ययीता र पारदर्शिता कायम गर्ने वा गराउने,

(झ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने वा गराउने,

(ञ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको विधान वा नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएदेखि बाहेकका अन्य काम गर्ने, र

(ट) विश्वविद्यालय सभा वा सभाको काम गर्न गठित बोर्ड अफ ट्रष्टिज वा समिति वा परिषद् वा निकायले तोकेका अन्य काम गर्ने।

(३) उपदफा (२) को खण्ड (ञ) बमोजिम उपकुलपति वा प्रेसिडेन्टले गरेको नीतिगत निर्णय वा सो सम्बन्धी कामकारबाहीको जानकारी निजले विश्वविद्यालय सभा वा सभाको काम गर्न गठित बोर्ड अफ ट्रष्टिज वा समिति वा परिषद् वा निकायलाई गराउनु पर्नेछ ।

१६. <u>शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्ट</u>ः (१) प्रत्येक विश्वविद्यालयमा एक जना शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्ट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्टको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको प्राज्ञिक मामिलाको नेतृत्व र समन्वय गर्ने,

(ख) शिक्षण, प्रशिक्षण र अनुसन्धानको स्तर कायम राख्ने,

(ग) विश्वविद्यालयको अनुसन्धान कार्यमा नेतृत्व र समन्वय गर्ने,

(घ) शैक्षिक कार्यक्रमको तयारी र कार्यान्वयनका सम्बन्धमा रेखदेख, सामञ्जस्य, अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन र कारवाही तथा निर्देशन दिने,

(ङ) पदक, छात्रवृत्ति, शिक्षक, कर्मचारी, वृत्ति विकास र शैक्षिक आदानप्रदान कार्यक्रम सम्बन्धी कार्य गर्ने,

(च) पाठ्यक्रम, पाठ्यपुस्तक, पुस्तकालय, परीक्षाहरूका नीति योजना र कार्यक्रमको निर्धारण, समन्वय एवम् मूल्याङ्कनका सम्बन्धी कार्य गर्ने,

(छ) शैक्षिक विषयमा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समन्वय कायम गर्ने,

(ज) शैक्षिक प्रणालीको नियमन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(झ) विद्यार्थीहरूको अतिरिक्त क्रियाकलाप, खेलकूद, सामाजिक सेवासम्बन्धी कार्यक्रमको नीति निर्धारण, समन्वय र मूल्याङ्कन गर्ने,

(ञ) मातहतका पदाधिकारी र शैक्षिक विभाग तथा शिक्षण संस्थाहरूको रेखदेख, नियन्त्रण, मूल्याङ्कन, समन्वय सम्बन्धी कार्य गर्ने,

(ट) परीक्षाको प्राज्ञिक र शैक्षिक गुणस्तर निर्धारण गर्न निर्देशन दिने,

(ठ) शैक्षिक मामिलामा उपकुलपति वा प्रेसिडेन्टलाई राय सुझाव एवम परामर्श दिने,

(ड) कार्यकारी परिषद तथा उपकुलपति वा प्रेसिडेन्टले निर्देशन गरे बमोजिमको कार्य गर्ने।

(२) उपदफा (१) बमोजिम शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्टले कार्यसम्पादन गर्दा उपकुलपति वा प्रेसिडेन्टको सामान्य नियन्त्रण र निर्देशनमा रही सम्पादन गर्नु पर्नेछ ।

१७. <u>रजिष्ट्रार वा कुलसचिव वा भाइस प्रेसिडेन्ट</u> : (१) प्रत्येक विश्वविद्यालयमा रजिष्ट्रार वा कुलसचिव वा भाइसप्रेसिडेन्ट रहनेछ ।

(२) उपदफा (१) बमोजिमको रजिष्ट्रार वा कुलसचिव वा भाइसप्रेसिडेन्टको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको शिक्षक तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(ख) विश्वविद्यालयको कोष सञ्चालन, लेखा र लेखा परीक्षण गर्ने वा गराउने,

(ग) आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजनाको तर्जुमा गर्ने र सो को कार्यान्वयन गर्ने वा गराउने,

(घ) विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना तयार गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(ङ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्था, संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

(च) विश्वविद्यालयको आर्थिक आयव्ययको अनुमान तयार गर्ने वा गराउने,

(छ) विभाग, स्कूल, कलेज, अनुसन्धान केन्द्र, उत्पादन केन्द्र लगायतका विश्वविद्यालय अन्तर्गतका सबै निकायको निरीक्षण गर्ने,

(ज) प्रशासन तथा व्यवस्थापन कार्यमा कुनै त्रुटि देखिएमा सुधार गर्ने तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

(झ) विश्वविद्यालयद्वारा सञ्चालन गरिने परीक्षाको रेखदेख, नियन्त्रण र व्यवस्था गर्ने,

(ञ) कार्यकारी परिषद तथा उपकुलपति वा प्रेसिडेन्टले निर्देशन गरे बमोजिमको कार्य गर्ने।

(३) उपदफा (२) बमोजिम रजिष्ट्रारले कार्यसम्पादन गर्दा उपकुलपति वा प्रेसिडेन्टको सामान्य नियन्त्रण र निर्देशनमा रही सम्पादन गर्नु पर्नेछ ।

१८. अन्य पदाधिकारी सम्बन्धी व्यवस्थाः (१) विश्वविद्यालयको आवश्यकता, कार्यक्रम, क्षमता र स्रोतको आधारमा डिन लगायतका अन्य पदाधिकारी रहन सक्नेछन् ।

(२) विश्वविद्यालयमा रहने अन्य पदाधिकारी सम्बन्धी व्यवस्था सम्बन्धित विश्वविद्यालयको विधानमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) विश्वविद्यालयमा रहने अन्य पदाधिकारीका काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## विश्वविद्यालयको वर्गिकरण तथा सञ्चालन

१९. विश्वविद्यालयको वर्गीकरण : (१) विश्वविद्यालयको वर्गीकरण देहाय बमोजिम हुनेछः–

(क) केन्द्रीय विश्वविद्यालय

(ख) प्रदेश विश्वविद्यालय

(ग) मानित विश्वविद्यालय

(२) उपदफा (१) बमोजिमका विश्वविद्यालय लगानीका दृष्टिकोणले सार्वजनिक वा सामुदायिक वा मुनाफा रहीत साझेदारी वा मुनाफा रहीत सार्वजनिक गुठी वा निजी लगानीमा स्थापना वा सञ्चालन हुन सक्नेछ ।

(३) ऐतिहासिक पृष्ठभूमि, अध्ययन तथा अनुसन्धान, शैक्षिक गुणस्तर, संस्थागत क्षमता, विधागत विशिष्टता, जनशक्ति उत्पादन तथा शिक्षा क्षेत्रमा खेलेको भुमिकासमेतका आधारमा आयोगले कुनै विश्वविद्यालयलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रूपमा सूचिकृत गर्न सक्नेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विश्वविद्यालयमध्ये ऐतिहासिक पृष्ठमूमि, नेपालको उच्च शिक्षा क्षेत्रमा भएको योगदान, संस्थागत क्षमता र प्राज्ञिक उन्नयनको आधारमा त्रिभुवन विश्वविद्यालय प्राज्ञिक उत्कृष्टताको केन्द्रको रूपमा रहने छ।

२०. केन्द्रीय विश्वविद्यालय : (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विश्वविद्यालयहरूमध्ये ऐतिहासिक पृष्ठमूमि तथा योगदान, विषयगत विशिष्टता, संस्थागत क्षमता र प्राज्ञिक उत्कृष्टताका आधारमा देहायका विश्वविद्यालय केन्द्रीय विश्वविद्यालयका रूपमा सञ्चालन हुनेछन्:-

(क) त्रिभुवन विश्वविद्याल,

(ख) नेपाल संस्कृत विश्वविद्यालय,

(ग) कृषि तथा वन विज्ञान विश्वविद्यालय,

(घ) नेपाल खुला विश्वविद्यालय,

(ङ) लुम्बिनी बौद्ध विश्वविद्यालय,

(च)काठमाडौं विश्वविद्यालय ।

(२) यो ऐन प्रारम्भ हुनु अघि स्थापना भएका उपदफा (१) मा उल्लिखित बाहेकका विश्वविद्यालय अन्य विश्वविद्यालयका रूपमा सञ्चालन हुनेछन् ।

(३) उपदफा (२) बमोजिमका अन्य विश्वविद्यालय यो ऐन लागू भएको पाँच वर्षभित्र केन्द्रीय विश्वविद्यालयमा रुपान्तरण नभएमा प्रदेश विश्वविद्यालयको रुपमा सञ्चालन हुनेछन् ।

(४) उपदफा (२) बमोजिमका विश्वविद्यालयले विश्वविद्यालय रहेको प्रदेशमा मात्र आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसको स्थापना वा स्वीकृति दिन सक्नेछन् ।

तर यस अघि स्थापना भई सञ्चालन भई रहेका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसको सञ्चालन हुन कुनै बाधा पर्ने छैन ।

(५) उपदफा (२) बमोजिमका अन्य विश्वविद्यालयको संस्थागत क्षमता, शैक्षिक गुणस्तर र विधागत विशिष्टताका आधारमा आयोगले उपदफा (२) बमोजिमका विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयको रूपमा वर्गीकरण गर्न सक्ने छ ।

(६) उपदफा (२) बमोजिमको विश्वविद्यालयलाई आयोगले साविक बमोजिम अनुदान तथा आर्थिक सहयोग दिन सक्नेछ ।

(७) विश्वविद्यालयको वर्गीकरण, अन्य विश्वविद्यालयको रुपमा सञ्चालन भई केन्द्रीय वा प्रदेश विश्विद्यालयमा रुपान्तरण हुने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. <u>क्याम्पस सञ्चालन तथा सम्बन्धन</u>: (१) केन्द्रीय विश्वविद्यालयले नक्साङ्कन, संस्थागत क्षमता, गुणस्तर सुनिश्चितता समेतका आधारमा आवश्यकता र औचित्य हेरी आयोगको अनुमति लिई आङ्गिक क्याम्पस सञ्चालन गर्न सक्नेछ ।

(२) केन्द्रीय विश्वविद्यालयले संस्थागत क्षमता, गुणस्तर सुनिश्चितता र सम्भाव्यता समेतका आधारमा आयोगको अनुमति लिई विदेशमा सम्बन्धन प्रदान गर्न सक्नेछ ।

(३) यो ऐन जारी हुँदाका बखत केन्द्रीय विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित उच्च शिक्षण संस्था यसै ऐन बमोजिम सञ्चालन भएको मानिनेछ ।

(४) केन्द्रीय विश्वविद्यालयले आफ्नो आङ्गिक क्याम्पसलाई तोकिए बमोजिम आयोगको स्वीकृति लिई मानित विश्वविद्यालय वा कुनै प्रदेश विश्वविद्यालयकको आङ्गिक क्याम्पस हुने गरी स्वामित्व हस्तान्तरण गर्न सक्नेछ ।

(५) क्याम्पसहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ -

(क) आङ्गिक क्याम्पस

(ख) सामुदायिक क्याम्पस

(ग) निजी क्याम्पस

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि,–

(१) "आङ्गिक क्याम्पस" भन्नाले सम्बन्धित विश्वविद्यालयको आफ्नै स्रोत साधन,जनशक्ति तथा लगानीमा स्थापना भई सञ्चालन भएको क्याम्पस सम्झनु पर्छ ।

(२) "सामुदायिक क्याम्पस" भन्नाले स्थानीय समुदायबाट वा साझेदारी वा सार्वजनिक गुठीद्वारा सञ्चालन हुने गैरनाफामूलक क्याम्पस सम्झनु पर्छ ।

(३) "निजी क्याम्पस" भन्नाले निजी क्षेत्रबाट प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन गरिने क्याम्पस सम्झनु पर्छ ।

(६) क्याम्पस तथा सम्बन्धन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२२. क्याम्पस हस्तान्तरण गर्न सक्नेः (१) एक विश्वविद्यालय अन्तर्गतको आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसलाई अर्को विश्वविद्यालय अन्तर्गत सञ्चालन गर्न सम्बन्धित विश्वविद्यालयहरू बीच सहमति भएमा आयोगले क्याम्पस हस्तान्तरणको लागि स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण हुने क्याम्पसको सम्पत्ति तथा दायित्व, कार्यरत शिक्षक तथा कर्मचारी र अध्ययनरत विद्यार्थी जुन विश्वविद्यालयमा हस्तान्तरित भएको हो सोही विश्वविद्यालयको कायम हुनेछ ।

(३) क्याम्पस हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## विश्वविद्यालयको स्थापना

२३. विश्वविद्यालय स्थापना गर्न स्वीकृति लिनु पर्ने : (१) यो ऐन जारी भए पछि कुनै निकाय वा संस्थाले विश्वविद्यालय स्थापना गर्न चाहेमा आयोगले तोकेको विधि र प्रक्रिया बमोजिम आयोगमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन साथ पेश हुन आएका कागज प्रमाण, दफा ३ बमोजिमको उद्देश्य तथा दफा ४ बमोजिमको राष्ट्रिय मापदण्ड अनुरुपको भौतिक तथा शैक्षिक पूर्वाधारको अवस्था, नक्शाङ्कन अनुकुल भए नभएको, विश्वविद्यालयको आवश्यकता र सम्भाव्यता बारे आयोग आफैंले वा विज्ञहरूबाट अध्ययन गराउन, आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्न, सार्वजनिक सुनुवाई गर्न तथा सरोकारवाला निकायको राय लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम भएको अध्ययन, निरीक्षण, राय वा सार्वजनिक सुनुवाई समेतको आधारमा आयोगले त्यस्तो विश्वविद्यालय स्थापना गर्न स्वीकृति दिन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विश्वविद्यालयले यसै ऐन बमोजिम स्वीकृति लिएको मानिनेछ ।

(५) आयोगले केन्द्रीय विश्वविद्यालयका कुनै क्याम्पसलाई मानित विश्वविद्यालयको रूपमा तोकिए बमोजिम सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) विश्वविद्यालयको स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. नेपाल सरकारले विश्वविद्यालय स्थापना गर्न सक्ने : (१) नेपाल सरकारले चाहेमा यस ऐन बमोजिम पूर्वाधार पूरा गरी विश्वविद्यालय स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको विश्वविद्यालय केन्द्रीय विश्वविद्यालय वा मानित विश्वविद्यालयको रुपमा रहनेछ ।

(३) उपदफा (१) बमोजिमको विश्वविद्यालयको स्वामित्व तथा सञ्चालन दायित्व नेपाल सरकारको हुनेछ ।

२५. विधान सम्बन्धी व्यवस्थाः (१) यो ऐन प्रारम्भ भए पश्चात स्थापना हुने विश्वविद्यालय यस ऐन र आफ्नो विधान बमोजिम सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको विधान आयोगबाट स्वीकृत भए पछि लागू हुनेछ ।

(३) उपदफा (१) बमोजिम स्वीकृत विधान संशोधन गर्नु परेमा संशोधनको मस्यौदा स्वीकृतिको लागि आयोगमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम विधान संशोधनको मस्यौदा प्राप्त हुन आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न मनासिव देखिएमा आयोगले विधान संशोधन स्वीकृति दिन सक्नेछ ।

(५) यो ऐन प्रारम्भ हुनु अघि स्थापना भएका विश्वविद्यालयहरू नेपाल सरकारले निर्धारण गरेको अवधिसम्म साविककै ऐन बमोजिम सञ्चालन हुनेछन् र त्यस्ता विश्वविद्यालयका पदाधिकारीहरू साविकको ऐन बमोजिमको अवधिसम्म बहाल रहनेछन् ।

(६) विश्वविद्यालयको विधान सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२६. बोर्ड अफ ट्रष्टीजः (१) यो ऐन प्रारम्भ भए पश्चात नाफा वितरण नगर्ने शर्तमा विश्वविद्यालय स्थापना गर्न चाहने निकाय वा संस्थाले विश्वविद्यालय स्थापना गर्नु अघि त्यस्तो विश्वविद्यालयमा लगानी गरी सञ्चालन गर्नका लागि एक बोर्ड अफ ट्रष्टीज गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्ड अफ ट्रष्टीजमा नेपाल सरकारको लगानी रहेका विश्वविद्यालयको हकमा मन्त्रालयको सचिव सदस्य रहने छ ।

(३) यो ऐन प्रारम्भ हुनु भन्दा अघि स्थापना भएका विश्वविद्यालयले गैर नाफामूलक रूपमा विश्वविद्यालय सञ्चालन गर्न चाहेमा उपदफा (१) बमोजिम बोर्ड अफ ट्रस्टीजको व्यवस्था गर्नु पर्नेछ।

(४) बोर्ड अफ ट्रष्टीज सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२७. <u>अनुदान उपलब्ध गराउने</u>: (१) विश्वविद्यालय अन्तर्गतका निकायलाई आयोगद्वारा निर्धारित मापदण्डका आधारमा अनुदान वा आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

(२) आयोगले निर्धारित मापदण्ड र प्रक्रियाका आधारमा सम्बन्धित विश्वविद्यालय मार्फत क्याम्पसलाई अनुदान तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) अनुदान उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## <u>प्रदेश विश्वविद्यालय सम्बन्धी व्यवस्था</u>

२८. <u>प्रदेश विश्वविद्यालयको स्थापना तथा सञ्चालन</u>: (१) यस ऐनको अधीनमा रही प्रदेश सरकारले प्रदेश कानून तर्जुमा गरी आफ्नो प्रदेशभित्र प्रदेश विश्वविद्यालय स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रदेश विश्वविद्यालयले सम्बन्धित प्रदेश भित्र मात्र आङ्गिक क्याम्पस सञ्चालन गर्न वा शिक्षण संस्थालाई सम्बन्धन प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदेश विश्वविद्यालय स्थापना गर्दा दफा ३ का उद्देश्य तथा दफा ४ बमोजिमको राष्ट्रिय मापदण्ड पालना गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम स्थापित प्रदेश विश्वविद्यालय लगानीका दृष्टिकोणले सार्वजनिक वा सामुदायिक वा मुनाफा वितरण नगर्ने गरी साझेदारी वा सार्वजनिक गुठी अन्तरगत वा निजी लगानीमा स्थापना वा सञ्चालन हुन सक्नेछ ।

(५) यो ऐन प्रारम्भ भए पश्चात स्थापना हुने प्रदेश विश्वविद्यालय आफ्नो विधान बमोजिम सञ्चालन हुनेछ र त्यस्तो विधान प्रदेश कानून बमोजिम स्वीकृत भएपछि लागू हुनेछ ।

(६) सम्बन्धित प्रदेश बाहिरको विश्वविद्यालयबाट सम्बन्धन लिएका शिक्षण संस्थाले यो ऐन लागू भएको मितिले पाँच वर्ष भित्र सम्बन्धित प्रदेशमा अवस्थित विश्वविद्यालयको सम्बन्धन वा मानित विश्वविद्यालयको रूपमा प्रदेश कानून बमोजिम सञ्चालन स्वीकृति लिइसक्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम सम्बन्धन परिवर्तन गर्न वा मानित विश्वविद्यालय सञ्चालन गर्न आयोगले तोकिए बमोजिम प्रोत्साहन सम्बन्धी कार्यक्रम सञ्चालन र सहजीकरण गर्नेछ ।

(८) उपदफा (६) बमोजिमको सम्बन्धन वा सञ्चालन स्वीकृति नलिएको शिक्षण संस्थाको सञ्चालन सम्बन्धन वा सञ्चालन स्वीकृति आयोगले खारेज गर्नेछ र त्यस्तो शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीको पढाइ पूरा गराउन लाग्ने रकम शिक्षण संस्थाको धरौटीबाट असुल गरिनेछ

र सो रकम अपुग हुने भए शिक्षण संस्थाका सञ्चालकको निजी सम्पत्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

(९) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश विश्वविद्यालयको स्वामित्व तथा सञ्चालन दायित्व प्रदेश सरकारको हुनेछ ।

(१०) प्रदेश विश्वविद्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानूनबमोजिम हुनेछ ।

२९. विश्वविद्यालयको स्वामित्व ग्रहण सम्बन्धी व्यवस्थाः (१) यो ऐन जारी हुनु पुर्व स्थापना भई सञ्चालन भईरहेका केन्द्रीय विश्वविद्यालय बाहेकका अन्य विश्वविद्यालयलाई प्रदेश विश्वविद्यालयको रुपमा सञ्चालनको लागि प्रदेश सरकारले मन्त्रालयमा अनुरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध भई आएमा आयोगको परामर्शमा त्यस्ता विश्वविद्यालय प्रदेश सरकारको स्वामित्वमा सञ्चालन हुने गरी नेपाल सरकारले हस्तान्तरण गर्न सक्नेछ ।

३०. उच्च शिक्षाको तयारी कक्षा सम्बन्धी व्यवस्थाः (१) स्वदेशमा सञ्चालन हुने उच्च शिक्षाको तयारीलाई लक्षित गरी सञ्चालन हुने तयारी कक्षा वा स्वदेशमा अध्ययन अध्यापन हुने भाषा शिक्षण कक्षा सञ्चालन गर्न चाहने संस्थाले सम्बन्धित प्रदेशको कानून बमोजिम दर्ता भई अनुमति लिई सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने तयारी कक्षा वा भाषा शिक्षणको अनुमति, दर्ता, नवीकरण, नियमन तथा व्यवस्थापन प्रदेश कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको संस्थाले जुन प्रदेशबाट अनुमति प्राप्त गरेको हो सो प्रदेशमा मात्र त्यस्तो कार्य गर्न सक्नेछ ।

## परिच्छेद-८

## विश्वविद्यालयका पदाधिकारीको नियुक्ति सम्बन्धी व्यवस्था

३१. कुलपति वा सभापति वा चेयरमेनः (१) प्राज्ञिक उत्कृष्टताको केन्द्रका रूपमा वर्गीकृत विश्वविद्यालयको कुलपति प्रधानमन्त्री हुनेछ ।

(२) मन्त्रालयको मन्त्री केन्द्रीय विश्वविद्यालयको कुलपति वा सभापति वा चेयरमेन हुनेछ।

(३) सम्बन्धित प्रदेशको मुख्यमन्त्री प्रदेश विश्वविद्यालयको सभापति वा चेयरमेन हुनेछ ।

(४) गैर नाफामूलक विश्वविद्यालयको बोर्ड अफ ट्रष्टिजको प्रमुख सभापति वा चेयरमेन हुनेछ।

३२. उपकुलपति वा प्रेसिडेन्ट (१) विश्वविद्यालयको कार्यकारी प्रमुखको हैसियतमा कार्य सम्पादन गर्न विश्वविद्यालयमा एक जना उपकुलपति वा प्रेसिडेन्ट रहनेछ ।

(२) विश्वविद्यालयको उपकुलपति वा प्रेसिडेन्टको नियुक्ति गर्ने प्रयोजनको लागि उम्मेदवारको नाम सिफारिस गर्न कुलपति वा सभापति वा चेयरमेनले बहालवाला उपकुलपति वा

अध्यक्षको कार्यकाल समाप्त हुनुभन्दा कम्तीमा छ महिना अगावै देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछः-

(क) आयोगको उपाध्यक्ष - संयोजक

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) सभा वा सभाको काम गर्न गठित बोर्ड अफ ट्रष्टिज वा समिति वा परिषद् वा निकाय प्राज्ञिक सदस्यहरू मध्येबाट एकजना - सदस्य

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले उपकुलपति वा प्रेसिडेन्ट पदका लागि सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त लिन सक्नेछ ।

(४) उपकुलपति वा प्रेसिडेन्ट पदका लागि उम्मेदवार हुन देहायको न्यूनतम योग्यता पूरा गरेको हुनुपर्नेछः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षाको प्राध्यापनको क्षेत्रमा प्राध्यापक पदमा रही २० वर्ष काम गरेको,

(ग) विश्वविद्यालय सेवाको ज्येष्ठतामा रही सम्बन्धित क्षेत्रमा कार्य गरेको,

(घ) विश्वविद्यालयको शिक्षाध्यक्ष, प्रोभोष्ट, रेक्टर, कुलसचिव, रजिष्ट्रार, भाइस प्रेसिडेन्ट, डीन, सहायक डीन, केन्द्रीय विभागको प्रमुख वा सार्वजनिक प्रशासनको क्षेत्रमा विशिष्ट श्रेणीमाको अनुभव सहित कम्तीमा बीस वर्ष काम गरेको,

(ङ) प्राज्ञिक वा सार्वजनिक प्रशासनको क्षेत्रमा अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको,

(च) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(छ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(ज) पैंतालीस वर्ष उमेर पूरा भएको,

(झ) विश्वविद्यालयसँग कुनै पनि संस्थागत स्वार्थ नबाझिएको ।

(५) दरखास्त पेश गर्ने उम्मेदावारले सिफारिस समितिले तोकेको अवधि र प्रक्रिया बमोजिम उपकुलपति वा प्रेसिडेन्ट पदमा नियुक्तिका लागि योजना, कार्यक्रम, रणनीति, कार्यनीति र कार्यपद्दतिसहितको कार्ययोजना पेश गर्नुपर्नेछ ।

नेपाल सरकार विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(६) उपदफा (५) बमोजिम उम्मेदवारहरूको कार्य योजना, अन्तर्वार्ता र प्रस्तुतिको मूल्याङ्कन आधारमा सिफारिस समितिले सबैभन्दा योग्य एक जना उम्मेदवारको नाम उपकुलपति वा प्रेसिडेन्ट पदमा नियुक्तिको लागि कुलपति वा सभापति वा चेयरमेन समक्ष सिफारिस गर्नेछ ।

(७) उपदफा (६) बमोजिम सिफारिस भएको व्यक्तिलाई कुलपति वा सभापति वा चेयरमेनले पन्ध्र दिनभित्र उपकुलपति वा प्रेसिडेन्ट पदमा नियुक्ति गर्नु पर्नेछ ।

(८) सिफारिस सम्बन्धी कार्यविधि सिफारिस समितिबाट निर्धारण भए बमोजिम हुनेछ ।

३३. <u>शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्ट:</u> (१) विश्वविद्यालयको उपकुलपति वा प्रेसिडेन्ट मातहत रहने गरी विश्वविद्यालयको प्राज्ञिक मामिला हेर्ने विश्वविद्यालयमा शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्ट रहन सक्नेछ।

(२) विश्वविद्यालयको शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्ट नियुक्ति गर्ने प्रयोजनको लागि बहालवाला शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्टको कार्यकाल समाप्त हुनुभन्दा कम्तीमा छ महिना अगावै कुलपति वा सभापति वा चेयरमेनले देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछ:-

(क) उपकुलपति वा प्रेसिडेन्ट - संयोजक

(ख) उच्च शिक्षाको क्षेत्रमा अध्ययन, अध्यापन र अनुसन्धानमा संलग्न भई शैक्षिक, प्राज्ञिक तथा प्रशासकीय क्षेत्रमा उच्च दक्षता हासिल गरेका प्राध्यापक वा सभा वा सभाको काम गर्न गठित समितिका प्राज्ञिक सदस्यहरूमध्येबाट एक जना - सदस्य

(ग) पूर्व उपकुलपति वा प्रेसिडेन्ट वा प्राज्ञहरूमध्येबाट एक जना - सदस्य

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्ट पदका लागि सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेछ ।

(४) शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्ट पदका लागि उम्मेदवार हुन देहायको न्यूनतम योग्यता पूरा गरेको हुनुपर्नेछ:

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षाको प्राध्यापनको क्षेत्रमा प्राध्यापक पदमा रही काम गरेको,

(ग) विश्वविद्यालय सेवाको ज्येष्ठतामा रही सम्बन्धित कार्य गरेको,

(घ) विश्वविद्यालयको कुलसचिव, रजिष्ट्रार, भाइस प्रेसिडेन्ट, शिक्षाध्यक्ष, डीन, सहायक डीन, केन्द्रीय विभागको प्रमुख जस्ता व्यवस्थापकीय तथा शैक्षिक प्रशासन सम्बद्ध पदमा कम्तीमा एक कार्यकाल पूरा समय काम गरेको,

(ङ) शैक्षिक योजना, गुणस्तर, पाठ्यक्रम निर्माण, पाठ्यक्रम कार्यान्वयनको अनुभव भएको,

(च) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको,

(छ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त इन्डेक्स वा पियररिभ्यु जर्नलमा अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामाग्री प्रकाशन गरेको,

(ज) शिक्षाध्यक्ष वा उपाध्यक्ष पदको निर्धारित कार्यकाल समाप्त हुँदाका बखत ६५ वर्ष उमेर पूरा नभएको,

(झ) भ्रष्टाचार, जवरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ञ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(ट) विश्वविद्यालयसँग कुनै पनि संस्थागत स्वार्थ नबाझिएको,

(५) उपदफा (३) बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारहरूको योग्यता मूल्याङ्कन गर्दा देहायका आधारमा गर्नु पर्नेछ:

(क) शैक्षिक योग्यता वापत अधिकतम दश अङ्क,

(ख) प्राध्यापन क्षेत्रको कार्यानुभव वापत अधिकतम दश अङ्क,

(ग) विश्वविद्यालय सेवाको ज्येष्ठता वापत अधिकतम दश अङ्क,

(घ) विश्वविद्यालयको व्यवस्थापकीय तथा शैक्षिक प्रशासन सम्बद्ध पदको कार्यानुभव वापत अधिकतम पन्ध्र अङ्क,

(ङ) शैक्षिक योजना, गुणस्तर, पाठ्यक्रम निर्माण, पाठ्यक्रम कार्यान्वयनको अनुभव वापत पन्ध्र अङ्क,

(च) प्राज्ञिक अनुसन्धान वापत अधिकतम बीस अङ्क,

(छ) अनुसन्धानमूलक किर्तिको प्रकाशन वापत अधिकतम बीस अङ्क,

(६) सिफारिस समितिले उपदफा (५) बमोजिम मूल्याङ्कन गरी सबैभन्दा योग्य एक जना उम्मेदवारको नाम शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्टको पदमा नियुक्तिको लागि कुलपति वा सभापति वा चेयरमेन समक्ष सिफारिस गर्नेछ ।

(७) उपदफा (६) बमोजिम सिफारिस भएको उम्मेदवारलाई कुलपति वा सभापति वा चेयरमेनले सिफारिस प्राप्त भएको पन्ध्र दिनभित्र शिक्षाध्यक्ष वा रेक्टर वा प्रोभोष्ट पदमा नियुक्त गर्नेछ।

३४. <u>रजिष्ट्रार वा कूलसचिव वा भाइस प्रेसिडेन्ट:</u> (१) विश्वविद्यालयको उपकुलपति वा प्रेसिडेन्ट मातहत रहने गरी विश्वविद्यालयको प्रशासनिक, आर्थिक, व्यवस्थापकीय तथा अन्तर्राष्ट्रिय मामिला हेर्ने गरी विश्वविद्यालयमा रजिष्ट्रार वा कुलसचिव वा भाइस प्रसिडेन्ट रहन सक्नेछ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार

(२) विश्वविद्यालयको रजिष्ट्रार वा कुलसचिव वा भाइस प्रेसिडेन्ट नियुक्ति गर्ने प्रयोजनको लागि बहालवाला रजिष्ट्रार वा कुलसचिव वा भाइस प्रेसिडेन्टको कार्यकाल समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अगावै कुलपति वा सभापति वा चेयरमेनले देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछ:-

| | | |
|---|---|---|
| (क) | उपकुलपति वा प्रेसिडेन्ट | - संयोजक |
| (ख) | उपकुलपति वा प्रेसिडेन्टको सिफारिसमा शिक्षाध्यक्ष वा उपाध्यक्ष वा प्रोभोष्टहरूमध्येबाट एक जना | - सदस्य |
| (ग) | प्राध्यापकहरूमध्येबाट एक जना | - सदस्य |

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले रजिष्ट्रार वा कुलसचिव वा भाइस प्रेसिडेन्ट पदका लागि सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेछ ।

(४) रजिष्ट्रार वा कुलसचिव वा भाइस प्रेसिडेन्ट पदका लागि उम्मेदवार हुन देहायको न्यूनतम योग्गयता पूरा गरेको हुनुपर्नेछ:

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षामा प्राध्यापन, अनुसन्धान तथा प्रशासकीय क्षेत्रमा कम्तीमा सहप्राध्यापक वा विश्वविद्यालयको प्रशासक वा सो सरहको पदमा रही कम्तीमा पाँच वर्ष काम गरेको,

(ग) विश्वविद्यालय सेवाको ज्येष्ठतामा रही सम्बन्धित कार्य गरेको,

(घ) विश्वविद्यालयको आङ्गिक क्याम्पसको प्रमुख, केन्द्रीय विभागको प्रमुख, स्कुलको निर्देशक, अन्य निर्देशक तथा कार्यकारी निर्देशक जस्ता व्यवस्थापकीय वा प्रशासकीय पदमा कम्तीमा एक कार्यकाल पूरा समय काम गरेको,

(ङ) विश्वविद्यालय मातहतका निकायमा कर्मचारी प्रशासन तथा आर्थिक प्रशासन सम्बद्ध क्षेत्रमा गरेको कार्य अनुभव भएको,

(च) प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरू सफलतापूर्वक सम्पन्न गरेको,

(छ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त इन्डेक्स वा पियररिभ्यु जर्नलमा अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामाग्री प्रकाशन गरेको,

(ज) रजिष्ट्रार वा उपाध्यक्ष पदको निर्धारित कार्यकाल समाप्त हुँदाका बखत ६५ वर्ष उमेर पूरा नभएको,

(झ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

नेपाल सरकार विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं नेपाल

(ञ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(ट) विश्वविद्यालयसँग कुनै पनि संस्थागत स्वार्थ नबाझिएको,

(५) उपदफा (३) बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारहरूको योग्यता मूल्याङ्कन गर्दा देहायका आधारमा गर्नु पर्नेछः

(क) शैक्षिक योग्यता वापत अधिकतम दश अङ्क,

(ख) प्राध्यापन क्षेत्रको कार्यानुभव वापत अधिकतम पन्ध्र अङ्क,

(ग) विश्वविद्यालय सेवाको ज्येष्ठता वापत अधिकतम पन्ध्र अङ्क,

(घ) विश्वविद्यालयको व्यवस्थापकीय तथा शैक्षिक प्रशासन सम्बद्ध पदको कार्यानुभव वापत अधिकतम पन्ध्र अङ्क,

(ङ) विश्वविद्यालय वा प्रतिष्ठान तथा मातहतका निकायमा कर्मचारी प्रशासन तथा आर्थिक प्रशासन सम्बद्ध क्षेत्रमा गरेको कार्य अनुभव वापत पच्चीस अङ्क,

(च) प्राज्ञिक अनुसन्धान वापत अधिकतम दश अङ्क,

(छ) अनुसन्धानमूलक प्रकाशन वापत अधिकतम दश अङ्क,

(६) सिफारिस समितिले उपदफा (५) बमोजिम मूल्याङ्कन गरी सबैभन्दा योग्य एक जना उम्मेदवारको नाम रजिष्ट्रार वा कुलसचिव वा भाइस प्रेसिडेन्टको पदमा नियुक्तिको लागि कुलपति वा सभापति वा चेयरमेन समक्ष सिफारिस गर्नेछ ।

(७) उपदफा (६) बमोजिम सिफारिस भएको उम्मेदवारलाई कुलपति वा सभापति वा चेयरमेनले सिफारिस प्राप्त भएको पन्ध्र दिनभित्र रजिष्ट्रार वा कुलसचिव वा भाइस प्रेसिडेन्ट पदमा नियुक्त गर्नेछ ।

३५. <u>डीन र अन्य पदमा नियुक्तिः</u> डीन र अन्य पदमा नियुक्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## विश्वविद्यालय सेवा आयोग

३६. <u>सेवा आयोग :</u> (१) केन्द्रीय विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक विश्वविद्यालय सेवा आयोग रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा आयोगमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरू रहनेछन्: -

(क) विश्वविद्यालयको अवकाश प्राप्त प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदबाट सेवा निवृत्त व्यक्तिहरूमध्येबाट नियुक्त व्यक्ति - अध्यक्ष

(ख) लोकसेवा आयोगको सदस्य वा लोकसेवा आयोगले तोकेको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रतिनिधि - सदस्य

(ग) विश्वविद्यालयका वरिष्ठ प्राध्यापकहरू मध्येबाट एक जना महिला सहित नियुक्त तीन जना - सदस्य

(३) उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमको अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्न लोकसेवा आयोगको अध्यक्षको संयोजकत्वमा मन्त्रालयको सचिव र आयोगले तोकेको विज्ञ समेत रहने गरी तीन सदस्यीय सिफारिस समिति गठन हुनेछ ।

(४) उपदफा (३) बमोजिमको समितिको सिफारिसमा आयोगले उपदफा (२) को खण्ड (क) र (ग) बमोजिमको अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।

(५) सेवा आयोगको अध्यक्ष तथा सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(६) सेवा आयोगको सचिवालय काठमाडौं उपत्यकामा रहनेछ ।

(७) सेवा आयोगको अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ ।

३७. पदबाट हटाउन सक्ने : (१) दफा ३६ को उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा आयोगले सेवा आयोगको अध्यक्ष वा सदस्यलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ :-

(क) निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) निज खराब आचरणमा लागेमा,

(ग) निजले इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेमा, वा

(घ) निजको मानसिक सन्तुलन ठीक नभएमा ।

(२) उपदफा (१) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो अध्यक्ष वा सदस्यलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

३८. पद रिक्त हुने : देहायको कुनै अवस्थामा सेवा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :-

(क) निजले आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई दफा ३७ बमोजिम पदबाट हटाइएमा,

(घ) निज नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भएमा,

(ङ) निजको मृत्यु भएमा, वा

(च) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेमा ।

३९. सेवा आयोगको काम, कर्तव्य र अधिकार: (१) सेवा आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) स्वीकृत दरबन्दी अनुसार केन्द्रीय विश्वविद्यालय र अन्य विश्वविद्यालयमा रिक्त रहेको शिक्षक तथा कर्मचारी पदको स्थायी नियुक्तिका खुला तर्फको उपर्युक्त उम्मेदवारको छनौट गरी नियुक्तिको लागि सिफारिस गर्ने,

(ख) केन्द्रीय विश्वविद्यालय तथा अन्य विश्वविद्यालयमा रिक्त रहेको शिक्षक तथा कर्मचारीको बढुवा सम्बन्धी कार्य गर्ने,

(ग) शिक्षक तथा कर्मचारीको बढुवा उपर परेको उजुरीको पुनरावलोकन गर्ने,

(घ) खण्ड (क) र (ख) को प्रयोजनका लागि परीक्षा सञ्चालन, उत्तर पुस्तिकाको परीक्षण तथा नतिजा प्रकाशन गर्ने,

(ङ) पदपूर्ति वा बढुवा सम्बन्धी परीक्षाका लागि उम्मेदवारको शैक्षिक योग्यता तथा पाठ्यक्रम निर्धारण गर्ने,

(च) शिक्षक तथा कर्मचारीको सेवाका शर्त सम्बन्धी विषयमा सम्बन्धित निकायलाई परामर्श दिने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

४०. सेवा आयोगको बैठक: (१) यो ऐन वा अन्य प्रचलित कानून बमोजिम आयोगले सम्पादन गर्नुपर्ने सम्पूर्ण काम कारवाही सेवा आयोगको निर्णय बमोजिम हुनेछ ।

(२) सेवा आयोगको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) सेवा आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्ये वरिष्टतम् सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) आयोगको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ ।

(५) आयोगका बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण बमोजिम हुनेछ ।

४१. सेवा आयोगमा कर्मचारी र बजेट: (१) सेवा आयोगलाई आफ्नो कार्य सम्पादन गर्न आवश्यक कर्मचारीको व्यवस्था मन्त्रालयले मिलाउनेछ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय काठमाडौं, नेपाल

(२) उपदफा (१) को प्रयोजनका लागि सेवा आयोगको संगठन संरचना नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(३) सेवा आयोगलाई आवश्यक बजेट आयोग मार्फत नेपाल सरकारले उपलब्ध गराउनेछ ।

४२. <u>शैक्षिक योग्यता निर्धारण:</u> (१) खुला प्रतियोगिताबाट पूर्ति गरिने शिक्षक तथा कर्मचारी पदको लागि उम्मेदवार हुन आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सेवा आयोगले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक उपाधि सम्बन्धित पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह छ वा छैन भन्ने प्रश्न उठेमा सेवा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

४३. <u>पाठ्यक्रम र परीक्षण विधि:</u> (१) स्थायी नियुक्ति वा बढुवाको लागि आयोगले लिने परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि र अन्य व्यवस्था यस ऐनको अधीनमा रही सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधिमा कुनै संशोधन भएमा त्यस्तो परीक्षा सञ्चालन हुनुभन्दा तीन महिना अगाडि नै त्यसको सूचना सार्वजनिक गर्नु पर्नेछ ।

४४. <u>उम्मेदवारको छनोट:</u> स्थायी दरबन्दीका शिक्षक तथा कर्मचारीको रिक्त पद पूर्तिको लागि उपयुक्त उम्मेदवारको छनोट गर्दा वा बढुवाको लागि यस ऐन बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट सिफारिस गर्दा सेवा आयोगले देहायको कुनै एक वा एक भन्दा बढी तरिका अपनाउन सक्नेछ:

(क) लिखित परीक्षा,

(ख) प्रयोगात्मक परीक्षा,

(ग) अन्तरवार्ता,

(घ) आयोगले समय समयमा तोकेका अन्य तरिका ।

४५. <u>परीक्षा सम्बन्धी व्यवस्था:</u> सेवा आयोगले सञ्चालन गर्ने परीक्षा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. <u>वार्षिक प्रतिवेदन:</u> (१) सेवा आयोगले आफूले सम्पादन गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आयोग समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त परीक्षाको विवरण, परीक्षामा उत्तीर्ण परीक्षार्थी सम्बन्धी विवरण, बढुवा सम्बन्धी विवरण, विभिन्न निकायलाई

परामर्श दिएको भए सो को र परामर्श बमोजिम काम भए वा नभएको र भविष्यमा सुधार गर्नु पर्ने पक्ष समेतको विवरण उल्लेख गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद-१०

## प्रमाणपत्र, उपाधि, बौद्धिक सम्पत्ति र राष्ट्रिय योग्यता प्रारूप सम्बन्धी व्यवस्था

४७. **प्रमाणपत्र र उपाधि दिने** : (१) विश्वविद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रममा अध्ययन गरी उच्च शिक्षा हासिल गर्न सफल हुने विद्यार्थी, प्रशिक्षार्थी तथा अनुसन्धानकर्तालाई विश्वविद्यालयले प्रमाणपत्र तथा शैक्षिक उपाधि प्रदान गर्नेछ ।

(२) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो विश्वविद्यालयमा अध्ययन वा काम गर्ने प्रयोजनका लागि तोकिए बमोजिम मान्यता दिन सक्नेछ ।

तर प्रदेश विश्वविद्यालयले कुनै विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई मान्यता दिनु अघि आयोगसंग सहमति लिनु पर्नेछ ।

(३) विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाले देश भित्र वा विदेशी संस्थासँगको सहकार्यमा संयुक्त अध्ययन, अध्यापन, अनुसन्धान कार्य गर्न र संयुक्त उपाधि प्रदान गर्न सक्नेछ ।

तर प्रदेश विश्वविद्यालयले विदेशी सँस्थासँग त्यस्तो सहकार्य गर्नु अघि आयोगसंग सहमति लिनु पर्नेछ ।

(४) स्वदेशी विश्वविद्यालयबाट प्राप्त प्रमाणपत्रको समकक्षता स्वतः प्राप्त भएको मानिनेछ ।

तर विदेशी विश्वविद्यालय तथा उच्च शिक्षण संस्थाको हकमा समकक्षताको निर्धारण तोकिएको निकायबाट राष्ट्रिय योग्यता प्रारुपका आधारमा गरिनेछ।

(५) विश्वविद्यालयले प्रदान गर्ने प्रमाणपत्र, उपाधि तथा मानार्थ उपाधि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. **बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारः** विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने प्रतिलिपि तथा बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम सम्वन्धित विश्वविद्यालयमा निहित हुनेछ ।

४९. **राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयनः** (१) नेपाल सरकारले औपचारिक, अनौपचारिक तथा जीवन अनुभवबाट सिकेका ज्ञान, सीप तथा योग्यताको वर्गीकरण, परीक्षण, प्रमाणीकरण, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्वालिटी एसुरेन्स/एक्रिडीटिएसन), समकक्षता, पारगम्यता

(परमियाविलिटी) लगायतका विषयलाई व्यवस्थित गर्न राष्ट्रिय योग्यता प्रारुप (नेसनल क्वालिफिकेसन फ्रेमवर्क) विकास गरी कार्यान्वयन गर्नेछ ।

(२) राष्ट्रिय योग्यता प्रारुप अनुरूप निर्धारित मापदण्ड तथा मूल्याङ्कन प्रक्रियाका आधारमा विश्वविद्यालयले विषयगतक्षेत्रगत वा विधागत योग्यता तथा तिनको विस्तृत सक्षमता मानकहरू निर्धारण गरी कार्यान्वयन गर्नेछ ।

(३) राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## उच्च शिक्षा आयोग

५०. आयोगको स्थापना: (१) मुलुकको उच्च शिक्षा व्यवस्थापन गरी उच्चस्तरीय मानव संशाधनको आवश्यकता परिपूर्तिका लागि उच्च शिक्षाको नियामक निकायका रूपमा एक उच्च शिक्षा आयोग रहनेछ।

(२) उपदफा (१) बमोजिमको उच्च शिक्षा आयोगको गठन देहाय बमोजिम हुनेछ :-

(क) शिक्षा सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री -अध्यक्ष

(ख) नेपाल सरकारबाट नियुक्त व्यक्ति -उपाध्यक्ष

(ग) केन्द्रीय विश्वविद्यालयका उपकुलपति वा प्रेसिडेन्टहरूमध्येबाट मन्त्रालयबाट मनोनीत तीन जना -सदस्य

(घ) सचिव, मन्त्रालय -सदस्य

(ङ) उच्च शिक्षाका क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष अध्यापन वा अनुसन्धान गरेका प्राध्यापकहरूमध्येबाट कम्तीमा एक जना महिलासहित दुई जना -सदस्य

(च) सचिव, आयोग -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यहरूको मनोनयन गर्दा उक्त पदमा महिला कार्यरत भए कम्तीमा एक जना महिला उपकुलपति वा प्रेसिडेन्टलाई मनोनयन गरिनेछ ।

(४) उपदफा (२) को खण्ड (ङ) बमोजिमका सदस्यहरूको मनोनयनको लागि सिफारिस गर्न आयोगको उपाध्यक्षको संयोजकत्वमा योजना आयोगको शिक्षा हेर्ने सदस्य र मन्त्रालयको सचिव रहेको एक समिति रहनेछ ।

(५) उपदफा (४) बमोजिमको समितिले सिफारिस गरेको व्यक्तिलाई अध्यक्षले सदस्यमा मनोनयन गर्नेछ ।

(६) उपदफा (५) बमोजिम मनोनीत सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ ।

(७) उपदफा (२) को खण्ड (ग) बमोजिमका मनोनीत सदस्यको पदावधि मनोनयन हुँदाको बखतको पदमा बहाल रहेसम्म हुनेछ ।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत कुनै सदस्यले आफ्नो पद अनुरुपको आचरण नगरेको वा जिम्मेवारी पूरा नगरेको भनी आयोगले निर्णय गरेमा अध्यक्षले जुनसुकै बखत निजलाई सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(९) कुनै कारणले मनोनीत सदस्यको पद रिक्त हुन गएमा उपदफा (५) बमोजिमको प्रक्रिया पूरा गरी अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

५१. <u>आयोग स्वशासित र सङ्गठित संस्था हुने:</u> (१) आयोग अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ ।

(२) आयोगले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ ।

५२. <u>आयोगको काम, कर्तव्य र अधिकार</u> : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ३ बमोजिमको उद्देश्य पूर्तिका लागि आवश्यक कार्य गर्ने,

(ख) दफा ४ बमोजिमको मापदण्डको कार्यान्वयनको लागि आवश्यक कार्य गर्ने,

(ग) उच्च शिक्षा सम्बन्धी नीति तर्जुमाका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने र स्वीकृत नीति कार्यान्वयन गर्ने ,

(घ) विश्वविद्यालय स्थापना तथा सञ्चालन, गुणस्तर, वर्गीकरण र स्तर निर्धारण गर्ने सम्बन्धी राष्ट्रिय मापदण्ड स्वीकृत गरी कार्यान्वयन गर्ने,

(ङ) राष्ट्रिय आवश्यकता परिपूर्तिका लागि अनुकुलका शैक्षिक कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन सम्बन्धी कार्य गर्ने,

(च) विश्वविद्यालय तथा सो अन्तर्गतका आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसले उपलब्ध गराउनु पर्ने सेवा, सो को गुणस्तर तथा शैक्षिक कार्यक्रमको लागि लिन पाउने अधिकतम शुल्क तथा सोको मापदण्ड निर्धारण गर्ने,

(छ) उच्च शिक्षामा दिइने आर्थिक सहायता तथा अनुदान सम्बन्धी मापदण्ड स्वीकृत गर्ने,

(ज) उच्च शिक्षाको विकास र प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने,

(झ) विश्वविद्यालयको सञ्चालन स्वीकृति तथा नियमन गर्ने,

(ञ) विश्वविद्यालयहरू बीच समन्वय गर्ने,

(ट) विश्वविद्यालय स्थापना तथा सञ्चालनका लागि नक्शांकन गर्ने,

(ठ) उच्चस्तरीय जनशक्तिको प्रक्षेपण तथा केन्द्रीय डाटाबेस सम्बन्धी कार्य,

(ड) मापदण्ड पूरा नगरेका विश्वविद्यालयलाई तोके बमोजिम आवश्यक कारवाहीका लागि सिफारिस गर्ने,

(ढ) विश्वविद्यालयमा प्राध्यापन र अनुसन्धान गर्ने व्यक्तिको योग्यता निर्धारण र वर्गीकरण गर्ने,

(ण) विश्वविद्यालयका लागि आवश्यक पर्ने प्राध्यापक, अनुसन्धानकर्ता र कर्मचारीको दरबन्दी सिफारिस गर्ने,

(त) विदेशी विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वयन तथा त्यस्ता संस्थाहरूको नियमन गर्ने,

(थ) गुणस्तर प्रत्यायन सम्बन्धी छुट्टै निकाय गठन नभएसम्म गुणस्तर प्रत्यायन सम्बन्धी कार्य गर्ने,

(द) उच्च शिक्षाको अन्तर्राष्ट्रिय मान्यता सम्बन्धी कार्य गर्ने,

(ध) उच्च शिक्षाका विषयमा नेपाल सरकारलाई राय परामर्श उपलब्ध गराउने,

(न) तोकिए बमोजिमको अन्य काम गर्ने ।

५३. <u>आयोगको बैठक र निर्णय:</u> (१) आयोगको बैठक आवश्यकता अनुसार बस्नेछ ।

तर दुई बैठक बीचको अन्तर तीन महिना भन्दा बढी हुनेछैन ।

(२) आयोगको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) आयोगको बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना आयोगको सदस्य-सचिवले आयोगका सदस्यलाई दिनेछ ।

(४) आयोगमा तत्काल कायम रहेका कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा आयोगको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) आयोगको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) आयोगको बैठकमा कुनै प्रदेश विश्वविद्यालय वा उच्च शिक्षण संस्था सम्बन्धी प्रस्तावमा छलफलका लागि आवश्यक देखिएमा सम्बन्धित प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्री वा कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) आयोगको बैठकमा कुनै व्यक्ति, पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) सदस्य-सचिवले आयोगको बैठकको निर्णय अध्यक्षबाट प्रमाणित गराई राख्नेछ ।

(९) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५४. <u>आयोगको संगठनात्मक संरचना तथा कर्मचारीसम्बन्धी व्यवस्था:</u> (१) आयोगको संगठनात्मक संरचना नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत विश्वविद्यालय अनुदान आयोगमा कार्यरत स्थायी कर्मचारीहरू साविकको सेवा शर्तको अधीनमा रहि आयोगमा कार्यरत रहनेछन् ।

(३) उपदफा (२) बमोजिमका कर्मचारीहरूको सेवा सुविधा कायम गर्दा निजले खाइपाइ आएको सेवा सुविधामा प्रतिकूल असर नपर्ने गरी व्यवस्थापन हुनेछ ।

(४) यो ऐन प्रारम्भ भए पश्चात आयोगलाई आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनु पर्नेछ ।

५५. <u>उपाध्यक्ष</u>ः (१) नेपाल सरकारले दफा ५७ बमोजिमको समितिले सिफारिस भएको व्यक्तिलाई आयोगको उपाध्यक्ष पदमा नियुक्त गर्नेछ ।

(२) उपाध्यक्ष आयोगको पूरा समय काम गर्ने प्रमुख कार्यकारी हुनेछ ।

(३) उपाध्यक्षको पदावधि बढीमा पाँच वर्षको हुनेछ ।

(४) उपाध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

५६. <u>उपाध्यक्षको काम, कर्तव्य र अधिकार</u>ः यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) यस ऐनले निर्धारण गरेका उद्देश्य तथा मापदण्ड बमोजिमका कार्यका लागि आवश्यक सबै काम गर्ने, गराउने,

(ख) आयोगको वार्षिक कार्यक्रम, योजना तथा बजेट प्रस्ताव आयोग समक्ष पेश गर्ने र आयोगबाट भएका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) आयोगबाट स्वीकृत नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(घ) आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) आयोगको आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परीक्षण गराउने र वेरुजु फछ्र्यौट तथा खर्च समर्थन सम्वन्धमा आयोगले तोके बमोजिमको काम गर्ने, गराउने,

(च) आयोगको कर्मचारी व्यवस्थापन तथा अन्य व्यवस्थापकीय कार्य गर्ने, गराउने,

(छ) आयोगबाट प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने, गराउने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

५७. <u>सिफारिस समितिः</u> (१) उपाध्यक्षको नियुक्तिको लागि नाम सिफारिस गर्न नेपाल सरकारले देहाय बमोजिमको एक सिफारिस समिति गठन गर्नेछ :-

(क) अध्यक्ष, लोक सेवा आयोग - संयोजक

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) विश्वविद्यालयका पूर्वउपकुलपतिहरू मध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना - सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले आफ्नो काम प्रारम्भ गरेको मितिले तीस दिनभित्र उपाध्यक्ष पदमा नियुक्तिको लागि नेपाल सरकार समक्ष तीन जनाको नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिको बैठकमा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५८. <u>सिफारिसका आधार</u>ः दफा ५७ बमोजिमको सिफारिस समितिले देहायका व्यक्तिहरूमध्ये बाट उपाध्यक्षको पदमा नियुक्तिको लागि सिफारिस गर्नेछः

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा विद्यावारिधी उपाधि प्राप्त गरेको,

(ख) प्राध्यापन वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्षको अनुभव प्राप्त गरेको,

(ग) उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,

(घ) राजनीतिक दलको सदस्य नरहेको

(ङ) आयोगको क्षेत्राधिकारमा निजी स्वार्थ नरहेको,

(च) पचास वर्ष उमेर पूरा भएको,

(छ) उच्च नैतिक चरित्र कायम गरेको,

(ज) दफा ६१ बमोजिम नियुक्तिका लागि अयोग्य नभएको ।

५९. <u>पद रिक्त हुने अवस्थाः</u> देहायको अवस्थामा उपाध्यक्षको पद रिक्त हुनेछ :-

(क) निजले पदबाट राजीनामा दिएमा,

(ख) निज दफा ६० को उपदफा (५) बमोजिम पदमुक्त भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) उमेर पैंसट्ठी वर्ष पूरा भएको ।

६०. <u>पदबाट हटाउने</u>ः (१) उपाध्यक्षले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरुपको आचरण नगरेको वा आयोगको हित विपरीतको कुनै काम गरेको वा दफा ६१ बमोजिम अयोग्य भएको भनी

प्रमाण सहित लिखित उजुरी प्राप्त हुन आएमा त्यस्तो उजुरी उपर छानबिन गर्न आयोगको निर्णयले विश्वविद्यालयका पूर्व उपकुलपतिहरूमध्येबाट एक जनाको संयोजकत्वमा अन्य दुई जना विज्ञहरूसमेत रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले छानबिनको क्रममा सम्बन्धित निकाय वा विषय विज्ञहरूको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको छानबिन समितिले छानबिन गर्दा उपाध्यक्षले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरुपको आचरण नगरेको वा आयोगको हित विपरीतको कुनै काम गरेको देखिएमा पदबाट हटाउने वा अभियोग पुष्टी नभएको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(४) छानबिन समितिले कार्य प्रारम्भ गरेको दुई महिना भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको सिफारिसको आधारमा नेपाल सरकारले उपाध्यक्षलाई पदबाट हटाउने वा पुनः बहाली सम्बन्धी निर्णय गर्नुपर्नेछ ।

तर त्यसरी पदबाट हटाउने निर्णय गर्नु अघि निज उपर लागेको आरोपको सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(६) छानबिन समितिले सिफारिस पेश गरेको मितिले एक महिना भित्र उपदफा (५) बमोजिमको निर्णय गरिसक्नु पर्नेछ ।

(७) उपदफा (३) बमोजिम पदबाट हटाउन सिफारिस भएको सो मितिदेखि सोको अन्तिम निर्णय नभएसम्मका लागि उपाध्यक्ष आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ ।

(८) उपदफा (३) बमोजिम अभियोग पुष्टी नभएको सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस भएमा निजको पुन पद बहाली हुनेछ ।

६१. <u>आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि योग्य नहुनेः</u> देहायको व्यक्ति आयोगको उपाध्यक्ष पदमा नियुक्त हुन योग्य हुने छैनः-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम सरकारी वा सार्वजनिक संस्थाको सेवाको पदमा नियुक्तिको लागि योग्य नभएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) दामासाहीमा परेको,

(च) शारीरिक वा मानसिक कारणले काम कारबाही गर्न असमर्थ रहेको ।

६२. <u>समन्वय परिषद्</u>: (१) अन्तर केन्द्रिय विश्वविद्यालय, अन्तर अन्य विश्वविद्यालय र अन्तर प्रदेश विश्वविद्यालय बीच समन्वय गर्न, केन्द्रिय विश्वविद्यालय तथा अन्य विश्वविद्यालयलाई अनुदान तथा आर्थिक सहयोग गर्न, केन्द्रीय तथा अन्य विश्वविद्यालयको बजेट व्यवस्थापन गर्न, शैक्षिक गुणस्तर अभिवृद्धि समेतका विषयमा आयोगलाई सहयोग गर्न आयोग अन्तर्गत एक समन्वय परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको समन्वय परिषद्को गठन देहाय बमोजिम हुनेछः

(क) उपाध्यक्ष, आयोग -अध्यक्ष

(ख) केन्द्रीय विश्वविद्यालयका उपकुलपति वा प्रसिडेन्टहरू मध्येबाट आयोगबाट मनोनीत एक जना -सदस्य

(ग) प्रदेश विश्वविद्यालयका उपकुलपति वा प्रेसिडेन्टहरू मध्येबाट आयोगबाट मनोनीत एक जना -सदस्य

(घ) सहसचिव, मन्त्रालय -सदस्य

(३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिमका मनोनीत सदस्यको पदावधि मनोनयन हुँदाको बखतको पदमा बहाल रहेसम्म हुनेछ ।

६३. <u>निर्देशनालय</u>: (१) आयोगको कार्य सम्पादनका लागि आयोगमा देहायका निर्देशनालय रहनेछन्:-

(क) योजना तथा अनुदान व्यवस्थपान निर्देशनालय,

(ख) मापदण्ड तथा शैक्षिक व्यवस्थापन निर्देशनालय,

(ग) समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय,

(घ) अनुसन्धान तथा नवप्रवर्तन निर्देशनालय,

(ङ) गुणस्तर प्रत्यायन निर्देशनालय ।

<u>स्पष्टीकरण</u>: गुणस्तर प्रत्यायन सम्बन्धी छुट्टै निकाय गठन नभएसम्मका लागि खण्ड (ङ) बमोजिमको गुणस्तर प्रत्यायन निर्देशनालय रहनेछ ।

(२) निर्देशनालयको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

६४. <u>निर्देशक</u>: (१) निर्देशनालयको प्रमुखको रूपमा कार्य गर्न प्रत्येक निर्देशनालयमा एकजना पूरा समय काम गर्ने निर्देशक रहनेछ।

(२) उपदफा (६) बमोजिमको समितिको सिफारिसमा उपाध्यक्षले निर्देशकको नियुक्ति गर्नेछ।

(३) निर्देशकको पदावधि पाँच वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निर्देशकले आफ्नो पद अनुरुपको आचरण नगरेमा, जिम्मेवारी पूरा नगरेमा वा आयोगको हित विपरीत कुनै काम गरेमा उपाध्यक्षले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछन्।

(६) निर्देशकको नियुक्तिको लागि नाम सिफारिस गर्न मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयको सशसचिव र अध्यक्षले तोकेको एक विज्ञ रहेको तीन सदस्यीय सिफारिस समिति गठन हुनेछ ।

(७) उपदफा (६) बमोजिमको समितिले निर्देशनालयको कामसँग सम्बन्धित दक्षता र कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदमा अनुभव भएको, उत्कृष्ट व्यवस्थापकीय सीप तथा कौशल, स्वच्छ छवि र व्यावसायिकता भएका व्यक्तिहरुमध्येबाट उपयुक्त व्यक्तिलाई निर्देशक पदमा नियुक्तिको लागि सिफारिस गर्नेछ।

(८) सिफारिस समितिले उम्मेदवारको छनोटका लागि सार्वजनिक सूचना प्रकाशन गरी आवेदन लिनेछ । यसरी आवेदन गर्ने उम्मेदवारहरूलाई सिफारिस गर्ने क्रममा देहायको कुनै एक वा एक भन्दा बढी विधि अवलम्बन गर्न सक्नेछः

(क) प्रस्ताव लेखन,

(ख) प्रस्तुति,

(ग) अन्तरवार्ता,

(९) उपदफा (६) बमोजिमको सिफारिस समितिले निर्देशक पदमा नियुक्तिको लागि नाम सिफारिस गर्दा अवलम्वन गर्नु पर्ने कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६५. <u>आयोगको सदस्य-सचिवः</u> आयोगको सदस्य सचिव तथा प्रशासनिक नेतृत्वका लागि नेपाल प्रशासन सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पद रहनेछ ।

## परिच्छेद-१२

## आयोगको कोष, लेखा र लेखापरीक्षण

६६. <u>आयोगको कोष</u>: (१) आयोगको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि आयोगले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) आयोगको कोषमा रहने रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(५) आयोगको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६७. <u>लेखा र लेखापरीक्षण</u> : (१) आयोगको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखाप्रणाली बमोजिम राखिनेछ ।

(२) आयोगले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) आयोगको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत आयोगको हिसाब किताब जाँच्न वा जाँच गर्न लगाउन सक्नेछ ।

## परिच्छेद-१३

## <u>पदाधिकारी, शिक्षक र कर्मचारीको आचरण तथा आचारसंहिता</u>

६८. <u>पदाधिकारीको आचरण</u>: (१) दफा १३ बमोजिमका विश्वविद्यालयका पदाधिकारीहरूको देहाय बमोजिमका आचरणको पालना गर्नु पर्नेछ :-

(क) आफू पदमा रहदासम्म कुनै राजनीतिक दलमा संलग्न हुने वा राजनीतिक दल वा दलको भातृ संगठनको सदस्य हुनु हुँदैन,

(ख) आफ्नो कामसंग सम्बन्धित विषयमा कसैलाई अवाञ्छित प्रभाव पार्नु हुँदैन,

(ग) विश्वविद्यालय वा आफ्नो कामसंग सम्बन्धित विषयमा गोपनियता कायम गर्ने,

(घ) विश्वविद्यालयको कार्यमा समय पालना र नियमित हुने,

(ङ) आफ्नो जिम्मामा रहेको विश्वविद्यालयको सम्पत्तिको संरक्षण गर्ने,

(च) आफ्नो नामको तथा विश्वविद्यालयको नाममा रहेको पेस्की तथा बेरुजुको समय मै फछ्र्यौट गर्ने,गराउने,

(छ) कुनै विश्वविद्यालय वा क्याम्पस वा शिक्षण संस्थामा लगानी गर्न नहुने,

(ज) प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्रमा प्रचलित कानूनले तोकेको ढाँचामा सम्पत्ति विवरण सम्बन्धित विश्वविद्यालय समक्ष बुझाउने र त्यस्तो विवरण विश्वविद्यालयले सुरक्षित राख्ने प्रबन्ध मिलाउने,

(झ) काम गरेको संस्था वा सो संस्थाको आधिकारिक निकायले जारी गरेको पेशागत आचार संहिता पालना गर्ने ।

(२) उपनियम (१) बमोजिमको आचरण पालना नगर्ने पदाधिकारीलाई आयोगले ध्यानाकर्षण वा सचेत गराउन सक्नेछ ।

(३) उपनियम (१) विपरीत हुने गरी कुनै पदाधिकारीले कार्य गरेको भए विश्वविद्यालय सो को जानकारी आयोगले तोके बमोजिमको ढाँचामा आयोगलाई दिनुपर्नेछ।

६९. <u>शिक्षक तथा कर्मचारीले पालन गर्नु पर्ने आचार संहिताः</u> विश्वविद्यालयका शिक्षक तथा कर्मचारीले देहाय बमोजिमको आचारसंहिता पालन गर्नु पर्नेछः-

(क) निर्धारित समयमा नियमित रुपले कार्यस्थलमा हाजिर हुनु पर्नेछ र सकेसम्म पहिले विदाको स्वीकृति नलिई कार्यस्थलमा अनुपस्थित हुनु नहुने,

(ख) आफ्नो कार्य ,जिम्मेवारी र भूमिकाका लागि पूर्णरूपमा जवाफदेहि हुनु पर्ने,

(ग) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परता साथ पालना गर्नुपर्ने,

(घ) आफ्नो शिक्षण संस्थाले दिएको जिम्मेवारी तथा निर्देशनलाई शीघ्रताका साथ पालना गर्नुपर्ने,

(ङ) आफ्ना विद्यार्थीहरू प्रति मैत्रीपूर्ण उचित व्यवहार गर्नुपर्ने,

(च) उच्छृङ्खल गतिविधि गर्न नहुने,

(छ) विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा पेशागत मुल्य, मान्यता, आचरण र सामाजिक मर्यादा विपरीतका कार्यहरु गर्न गराउन नहुने,

(ज) आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य शिक्षक वा कर्मचारी वा विद्यार्थीमाथि कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु नहुने,

(झ) राजनीतिक दल वा दलसँग आवद्ध सङ्गठनको सदस्यता लिन, राजनीतिक गतिविधिमा भाग लिन र राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा चन्दा माग्न वा कुनै प्रकारको प्रभाव पार्न नहुने,

(ञ) नेपाल सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, अनलाइन सञ्चार, रेडियो, टेलिभिजन आदिद्वारा कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न नहुने,

(ट) विश्वविद्यालयको काम र विद्यार्थीको सिकाई तथा मूल्याङ्कनमा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी विश्वविद्यालयको पूर्व स्वीकृति विना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा विद्यार्थी र तिनका अभिभावकसँग सापटी लिन नहुने,

(ठ) विश्वविद्यालयको पूर्व स्वीकृति बिना कुनै बैंक, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न नहुने,

(ड) विश्वविद्यालयको पूर्व स्वीकृति बिना वाहेक अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु नहुने,

(ढ) प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाब दिन, पठन पाठन बन्द गर्न वा अन्य कुनै तरिकाबाट विद्यार्थीको पढ्ने अधिकारमा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन नहुने,

(ण) कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याउनु नहुने,

(त) बहुविवाह गर्न नहुने,

(थ) विद्यार्थी र अरू कसैप्रति पनि यौनजन्य दुर्व्यवहार गर्नु नहुने,

(द) विद्यार्थीलाई कुटपिट गर्न र कसैलाई पनि शारिरिक वा मानसिक यातना दिनु नहुने,

(ध) प्रचलित कानून बमोजिम तोकिएको अवधिभित्र विश्वविद्यालयमा आफ्नो सम्पत्तिको विवरण पेश गर्ने,

(न) विदेशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन ।

## परिच्छेद-१४

## अन्य शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

७०. <u>अनुमति लिनु पर्ने</u>: (१) विदेशमा सञ्चालन हुने उच्च शिक्षाको तयारीलाई लक्षित गरी सञ्चालन हुने तयारी कक्षा वा विदेशमा अध्ययन अध्यापन हुने भाषा शिक्षण कक्षा सञ्चालन गर्न चाहने संस्थाले आयोगबाट अनुमति प्राप्त गरी सञ्चालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने तयारी कक्षा वा भाषा शिक्षणको अनुमति, दर्ता, नवीकरण, नियमन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) विदेशमा उच्च शिक्षा अध्ययन गर्न चाहने नेपाली विद्यार्थीका लागि शैक्षिक परामर्श सेवा सञ्चालन गर्न चाहने संस्थाले सो कार्य सञ्चालन गर्नु पूर्व आयोग समक्ष अनुमतिको लागि तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पर्न आएको निवेदनका सम्बन्धमा आयोगले छानबिन गराउन सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको निवेदन उपयुक्त देखिएमा वा उपदफा (४) बमोजिम छानबिनको क्रममा व्यहोरा मनासिब देखिएमा आयोगले तोकिए बमोजिम धरौटी राख्न तथा अनुमतिपत्र दस्तुर बुझाउन लगाई सञ्चालन अनुमति प्रदान गर्नेछ ।

(६) शैक्षिक परामर्श सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७१. <u>विदेशी विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन गर्न नहुने</u>: (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई विदेशी विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षाको कुनै पनि कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) आयोगले विदेशी विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड तयार गरी कार्यान्वय गर्नेछ ।

(३) विदेशी विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन गर्न चाहने संस्थाले सो कार्य सञ्चालन गर्नु पूर्व आयोग समक्ष सञ्चलन अनुमतिको लागि तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पर्न आएको निवेदनका सम्बन्धमा आयोगले छानबिन, स्थलगत निरीक्षण वा कुनै निकाय वा संस्थाको राय परामर्श लिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको छानबिन, स्थलगत निरीक्षण वा कुनै निकाय वा संस्थाको राय परामर्शबाट प्राप्त तथ्य र उपदफा (२) बमोजिमको मापदण्ड पूरा गरेको आधारमा आयोगले निर्धारण गरेबमोजिम धरौटी राख्न तथा अनुमतिपत्र दस्तुर बुझाउन लगाई सञ्चालन अनुमति प्रदान गर्नेछ ।

(६) यो ऐन जारी हुनु पूर्व विदेशी विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन सम्बन्धी भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(७) विदेशी विश्वविद्यालयको सम्बन्धनमा उच्च शिक्षाको कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१५

## छात्रवृत्ति तथा अध्ययन अनुमतिपत्र

७२. **छात्रवृत्ति सम्बन्धी व्यवस्था:** (१) स्वदेश तथा विदेशबाट उच्च शिक्षाका लागि नेपाल सरकारलाई प्राप्त हुने छात्रवृत्ति नेपाली नागरिकलाई मात्र प्रदान गरिने छ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्रका व्यक्ति, अपाङ्गता भएको व्यक्ति र शहिद परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द पीडितलाई तोकिए बमोजिम सुरक्षित गरिनेछ ।

(३) छात्रवृत्ति पाउने व्यक्तिले आफ्नो अध्ययन अवधि समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय वा आफ्नो सम्बन्धित विभागमा प्रतिवेदन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन पेश भएको मितिले एक वर्ष भित्र नेपाल सरकारको स्वामित्व भएको वा नेपाल सरकारले आर्थिक सहायता प्रदान गरेको कुनै संस्था वा संस्थाको कुनै पदमा दुई वर्षसम्म सेवा गर्न लगाउन सक्नेछ र सो बमोजिम सेवा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ । त्यसरी नेपाल सरकारले तोकेको सेवा, पद र स्थानमा काम नगर्ने व्यक्ति नेपाल सरकारको कुनै सेवा वा पद वा नेपाल सरकारको स्वामित्व भएको वा नेपाल सरकारले आर्थिक सहायता प्रदान गरेको संस्था वा संस्थानको कुनै पदमा नियुक्त हुन सामान्यतः अयोग्य हुनेछ ।

तर, (क) नेपाल सरकारले एक वर्षको अवधि भित्र सो व्यक्तिलाई कुनै काम लगाउन नसकेमा निजलाई यो दफा लागू हुने छैन ।

(ख) नेपाल सरकारले एक वर्षको अवधि भित्र पनि निजलाई गैर सरकारी सेवामा प्रवेश गर्ने अनुमती दिन सक्नेछ र सो बमोजिम अनुमती दिइएकोमा निजलाई यो दफा लागू हुने छैन ।

(५) छात्रवृत्ति पाउने व्यक्तिले नेपाल सरकारको स्वीकृति नलिई अध्ययन वा तालीम समाप्त नगरी बीचैमा छाड्नु हुदैन ।

(६) छात्रवृत्ति छनौट तथा मनोनयन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७३. **छात्रवृत्तिको लागि सिट उपलब्ध गराउनु पर्ने:** (१) चिकित्सा शिक्षा, इन्जिनियरिङ्ग, वन, कृषि तथा पशु विज्ञान र नेपाल सरकारले तोकेका अन्य प्राविधिक विषयको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने

निजी लगानीका विश्वविद्यालय वा शिक्षण संस्थाले प्रत्येक शैक्षिक सत्रमा आफूले प्राप्त गरेको कुल सिटमा स्वदेशी लगानीमा सञ्चालित भए कम्तीमा दश प्रतिशत र वैदेशिक लगानीमा सञ्चालित भए कम्तीमा बीस प्रतिशत सिट छात्रवृत्तिका लागि नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) सार्वजनिक, सामुदायिक र गैर नाफामूलक विश्वविद्यालय वा शिक्षण संस्थाहरूले प्राविधिक लगायतका अन्य विषय र निजी शिक्षण संस्थाहरूले प्राविधिक विषय बाहेकका विषयमा प्रत्येक शैक्षिक सत्रमा तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ र सो सम्बन्धी अन्य व्यवस्था सम्बन्धित विश्वविद्यालयको विधानबमोजिम हुनेछ ।

(३) आर्थिक रूपले विपन्न र अपाङ्गता भएका विद्यार्थीलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षाको अवसर प्रदान गरिनेछ ।

(४) दलित समुदायका विद्यार्थीलाई कानून बमोजिम छात्रवृत्तिसहित निःशुल्क उच्च शिक्षाको अवसर प्रदान गरिनेछ ।

(५) छात्रवृत्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७४. <u>अध्ययन अनुमतिपत्र (नो अब्जेक्सन लेटर) लिनु पर्ने:</u> (१) नेपाली नागरिकले मन्त्रालयको पूर्व स्वीकृति नलिई विदेशमा उच्च शिक्षा अध्ययन गर्न जानु हुँदैन ।

(२) विदेशमा उच्च शिक्षा अध्ययन गर्न जान चाहने नेपाली नागरिकले अध्ययन अनुमतिपत्र (नो अब्जेक्सन लेटर) को लागि तोकिए बमोजिमको विवरण खुलाई तोकिए बमोजिमको शुल्क सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिब देखिएमा मन्त्रालयले तोकिए बमोजिमको ढाँचामा निवेदकलाई अनुमतिपत्र (नो अब्जेक्सन लेटर) दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुमतिपत्र (नो अब्जेक्सन लेटर) पाउन योग्य व्यक्तिलाई त्यस्तो अध्ययनको लागि आवश्यक विदेशी मुद्राको सटही सुविधाका लागि मन्त्रालयले सिफारिस गर्न सक्नेछ ।

(५) अध्ययन अनुमतिपत्र (नो अब्जेक्सन लेटर) तथा विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१६

## विश्वविद्यालयको कोष, लेखापरीक्षण, छुट र विघटन सम्बन्धी व्यवस्था

७५. <u>विश्वविद्यालयको कोष र त्यसको सञ्चालन</u> : (१) प्रत्येक विश्वविद्यालयको एक कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क) नेपाल सरकार वा प्रदेश सरकारबाट आयोग मार्फत प्राप्त रकम,

(ख) विदेशी सरकार वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विश्वविद्यालयको लागि दान दातव्य र आर्थिक सहायताबाट प्राप्त रकम,

(घ) मासिक शुल्क वा अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि मन्त्रालय मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) विश्वविद्यालयको कोषमा रहने रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) विश्वविद्यालको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७६. लेखा र लेखापरीक्षण : (१) विश्वविद्यालयको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखाप्रणाली बमोजिम राखिनेछ ।

(२) विश्वविद्यालयले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत विश्वविद्यालयकोको हिसाब किताब जाँच्न वा जाँच गर्न लगाउन सक्नेछ ।

७७. छुट तथा सुविधा : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २० को उपदफा (१) को खण्ड (क,) (ख) ,(ग), (घ) र (ङ) तथा ऐ को उपदफा (२) बमोजिमका अन्य विश्वविद्यालयको नाममा जुनसुकै लिखत रजिष्ट्रेशन गर्नु परेमा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

७८. विश्वविद्यालय विघटन हुन सक्ने (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विश्वविद्यालय सञ्चालन हुन नसक्ने भई आयोगले विघटन हुन सिफारिस गरेको अवस्थामा नेपाल सरकारले त्यस्तो विश्वविद्यालय विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन गर्नु पुर्व त्यस्तो विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको दायित्व विश्वविद्यालयको कोषबाट फरफारक गर्नु पर्नेछ ।

(३) केन्द्रीय वा अन्य विश्वविद्यालय विघटन भएका अवस्थामा यसको सम्पूर्ण सम्पत्ति नेपाल सरकारको र प्रदेश विश्वविद्यालय विघटन भएमा प्रदेश सरकारको हुनेछ।

तर कुनै अन्य विश्वविविद्यालय प्रदेशमा हस्तान्तरण भई उक्त विश्वविद्यालय विघटन भएमा त्यस्तो विश्वविद्यालयको सम्पूर्ण सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(४) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन भएमा त्यस्तो विश्वविद्यालय वा आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसमा अध्ययनरत विद्यार्थीको बाँकी रहेको अध्ययन सम्बन्धी व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-१७

## कसूर तथा सजाय

७९. कसूर गरेको मानिनेः कसैले देहायको कार्य गरेमा कसूर गरेको मानिनेछ :-

(क) यस ऐन बमोजिम स्वीकृतिपत्र नलिई कुनै पनि विश्वविद्यालय स्थापना वा सञ्चालन गरेमा,

(ख) विश्वविद्यालयको सम्पत्ति अनाधिकार रुपमा प्रयोग गरेमा वा हानी नोक्सानी पुऱ्याएमा,

(ग) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(घ) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ङ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गर्ने, प्रवेश गर्ने वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित् कार्य गरेमा,

(च) परीक्षाको नतिजा प्रकाशनमा अनियमितता गरेमा,

(छ) अरुको तर्फबाट परीक्षा दिएमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा वा भाषा शिक्षण सेवा सञ्चालन गरेमा,

(ञ) ऐन बमोजिम अनुमति नलिई नेपालभित्र कुनै शिक्षण संस्था वा तालिम कार्यक्रम सञ्चालन गरेमा,

(ट) छात्रवृत्तिमा मनोनित व्यक्तिले पढाइ पूरा नगरी छोडेमा,

(ठ) अध्ययन अनुमतिपत्र नलिई विदेशमा उच्च शिक्षा अध्ययन गरेमा ।

(ङ) यस ऐन, नियमावली तथा विधान बमोजिमका आचरण तथा आचारसंहिता विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीले उल्लङ्घन गरेमा ।

८०. <u>सजाय सम्बन्धी व्यवस्था</u> : (१) कसैले यस ऐन बमोजिमको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) दफा ७९ को खण्ड (क) बमोजिमको कसूर गरेमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय र त्यस्तो विश्वविद्यालय बन्द हुनेछ र त्यस्तो विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई अर्को विश्वविद्यालयमा अध्ययन गर्न लाग्ने खर्च सञ्चालकबाट असुल उपर गरिनेछ,

(ख) दफा ७९ को खण्ड (ख) बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिबाट विगो असूल गरी विगो बमोजिम जरिवाना हुनेछ,

(ग) दफा ७९ को खण्ड (ग), (घ), (ङ), (च), (छ) र ( ज) बमोजिमको कसूर गरेमा त्यस्तो व्यक्तिलाई कसूरको गम्भीरता हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ,

(२) दफा ७९ को खण्ड (झ) र (ञ) बमोजिमको कसूर गरेमा त्यस्तो कार्यक्रम बन्द गरी सम्बन्धित व्यक्तिलाई बिगो असूल गरी पचास लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(३) दफा ७९ को खण्ड (ट) र (ठ) बमोजिमको कार्य गरेमा निजको छात्रवृत्ति रद्द गरी पचास एक लाख रुपैयासम्म जरिवाना गरी भविश्यमा छात्रवृति नपाउने गरी कालो सूचीमा राखिनेछ।

(४) यस ऐन, नियमावली तथा विधान बमोजिमका आचरण तथा आचारसंहिता उल्लङ्घन गर्ने विश्वविद्यालयका पदाधिकारी, शिक्षक तथा कर्मचारीलाई तोकिए बमोजिम विभागीय कारवाही हुनेछ ।

(५) उपदफा (१) बमोजिम सजाय हुने कसूर विश्वविद्यालयका कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीले गरेमा निजलाई सो उपदफामा लेखिएको सजायको अतिरिक्त थप दश लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(६) यस दफामा लेखिए बाहेक यस ऐन विपरीत अन्य काम गर्ने व्यक्तिलाई दश लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

८१. <u>मुद्दा हेर्ने अधिकार</u>: (१) दफा ७९ को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

(२) दफा ७९ को खण्ड (ख), (झ), (ञ), (ट) र (ठ) बमोजिमको कसूरमा कारबाही र सजाय गर्ने अधिकार आयोगलाई हुनेछ ।

८२. <u>नेपाल सरकार वादी हुने</u> : (१) दफा ७९ को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम सजाय हुने कसूरसँग सम्बन्धित मुद्दा नेपाल सरकार वादी हुनेछ ।

(२) दफा ७९ को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिम सजाय हुने कसूरसँग सम्बन्धित मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

८३. <u>पुनरावेदन</u> : दफा ८१ को उपदफा (२) बमोजिम आयोगले गरेको निर्णय उपर सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

## परिच्छेद-१८

## <u>विविध</u>

८४. <u>विवरण माग गर्न सक्ने</u> : (१) आयोगले कुनै विश्वविद्यालयसँग त्यस्तो विश्वविद्यालय वा सो अन्तर्गत सञ्चालित कुनै शैक्षिक संस्थाको आर्थिक कारोवार, मौजुदा कोष वा अन्य कुनै विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण उपलब्ध गराउनु सम्बन्धित विश्वविद्यालय वा त्यस्तो शैक्षिक संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिम माग गरिएको विवरणको सम्बन्धमा त्यस्तो विश्वविद्यालय वा शैक्षिक संस्थाको निरीक्षण गर्नु पर्ने भएमा आयोगले आवश्यकतानुसार निरीक्षण गर्न, गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निरीक्षण गर्ने व्यक्तिलाई विश्वविद्यालयले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम विवरण उपलब्ध नगराउने वा निरीक्षण गर्न सहयोग नपुऱ्याउने विश्वविद्यालयलाई आयोगले प्रदान गर्ने अनुदान र अन्य सहयोग रोक्का गर्न सक्नेछ ।

८५. <u>स्वायत्तता प्रदान गर्न सक्ने</u> : (१) विश्वविद्यालयले आयोगको अनुमति आफ्नो संकाय वा आङ्गिक क्याम्पसलाई प्राज्ञिक, अनुसन्धनात्मक, संगठनात्मक, वित्तीय, प्रशासकीय वा व्यवस्थापकीय स्वायत्तता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वायत्तता प्रदान गरिएका संकाय वा क्याम्पस सम्बन्धित विश्वविद्यालयको संगठनको रुपमा रहनेछ र त्यस्तो संकाय वा क्याम्पसले सो विश्वविद्यालयको नाम र संरक्षण प्राप्त गर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्वायत्तता प्राप्त संकाय वा क्याम्पसले विश्वविद्यालयको स्वीकृति विना कुनै शैक्षिक उपाधि प्रदान गर्न वा आफ्नो सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न सक्ने छैन ।

८६. <u>विश्वविद्यालय भर्ना हुन चाहिने योग्यता</u> : (१) विश्वविद्यालयमा भर्ना हुन चाहिने विद्यार्थी वा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) विदेशी विद्यार्थीलाई उच्च शिक्षण संस्थामा अध्ययन गर्न विश्वविद्यालयको भर्ना छनोट पछि विश्वविद्यालयले भिषाको लागि मन्त्रालयमा अनुरोध गरेमा मन्त्रालयले नेपाल सरकारको सम्बन्धित निकायमा सिफारिस गरिदिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिसका आधारमा नेपाल सरकारले त्यस्तो विद्यार्थीलाई भिसा उपलब्ध गराउन सक्नेछ ।

८७. <u>विश्वविद्यालयमा रहने प्राज्ञिक पद</u>: (१) यस ऐन वा यस ऐनको अधिनमा रही सञ्चालन भएका विश्वविद्यालयहरूमा देहाय बमोजिम पदहरू हुनेछन:

(क) दफा १३ बमोजिमका पदाधिकारी,

(ख) प्राज्ञिक कार्यमा संलग्न पद:

(१) प्राध्यापक,

(२) सहप्राध्यापक,

(३) उपप्राध्यापक,

(४) सहायक प्राध्यापक,

(ग) प्रशासनिक पद:

(१) बरिष्ट प्रशासक,

(२) उपप्रशासक,

(३) प्रशासक,

(४) सहायक स्तर,

(२) उपदफा (१) को खण्ड (ग) को उपखण्ड (४) बमोजिमको सहायक स्तरमा रहने पदनाम तथा श्रेणी विश्वविद्यालयको विधान वा चार्टर बमोजिम हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको पदमा नियुक्त हुन आवश्यक न्यूनतम योग्यता र अनुभव सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको पदमा नियुक्त हुने व्यक्तिको काम, कर्तव्य र अधिकार तथा सेवा, सुविधा र पारिश्रमिक विश्वविद्यालयको विधान वा चार्टरमा व्यवस्था भए बमोजिमका हुनेछ ।

८८. विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई भिजिटर प्रोफेसरमा राख्न सकिने: केन्द्रिय वा अन्य विश्वविद्यालयको अध्ययन अध्यापन तथा अनुसन्धानमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई विश्वविद्यालयले भिजिटर प्रोफेसरको रूपमा काममा लगाउन सक्नेछ ।

८९. बाह्य मूल्याङ्कन गराउन सक्ने: (१) विश्वविद्यालयको सभा वा सभाको काम गर्न गठित समितिले प्रत्येक तीन वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धी शैक्षिक गुणस्तर, वित्तीय सक्षमता, कार्यक्षमतामा प्रभावकारिता, परीक्षा नतिजा लगायतका विषयमा तोकिए बमोजिम बाह्य मूल्याङ्कन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कनको प्रतिवेदन आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त मूल्याङ्कन प्रतिवेदन आयोगले सार्वजनिक गर्नेछ ।

९०. प्रतिवेदन पेश गर्नुपर्ने : (१) आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो वर्षभरिमा आफुले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(२) विश्वविद्यालयले आफ्नो वार्षिक प्रतिवेदन आयोगमा पेश गर्नु पर्नेछ ।

९१. जाँच बुझ गर्न सक्ने: (१) दफा ८९ बमोजिमको बाह्य मूल्याङ्कन प्रतिवेदन र दफा ९० बमोजिमको वार्षिक प्रतिवेदनको आधारमा विश्वविद्यालयको काम कारबाही कानून विपरीत भएको वा विशवविद्यालयको प्रगति सन्तोषजनक नदेखिएमा वा विश्वविद्यालयबाट भएका गतिविधिहरु सुधार गर्नु पर्ने देखिन आएकोमा आयोगले निरीक्षण तथा जाँचबुझ समिति गठन गरी विश्वविद्यालयको काम कारबाहीको निरीक्षण र जाँचबुझ गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिले निरीक्षण र जाँचबुझ गर्दा विश्वविद्यालयको काम कारवाही सन्तोषजनक नदेखिएको भनी सुझाव सहितको प्रतिवेदन पेश गरेमा आयोगले प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन गर्न विश्वविद्यालयलाई आवश्यक निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिमको निर्देशन कार्यान्वयन गर्नु सम्बन्धित विश्वविद्यालयको कर्तव्य हुनेछ ।

९२. समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्ने : (१) आयोग आफूले गर्नुपर्ने कामको लागि आवश्यकतानुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति, उपसमिति वा कार्यटोलीको कार्यविधि, काम, कर्तव्य, अधिकार तथा अन्य व्यवस्था आयोग वा विश्वविद्यालयले तोकिदिए बमोजिम हुनेछ ।

९३. विश्वविद्यालय नामको प्रयोग : यस ऐन बमोजिम स्वीकृतिपत्र पाएको संस्था बाहेक अन्य कुनै पनि संस्थाले विश्वविद्यालय नामको प्रयोग गर्न पाउने छैन ।

९४. विश्वविद्यालयको सूची र वरियताक्रम प्रकाशन गर्नुपर्ने : आयोगले यस ऐन बमोजिम स्वीकृतिपत्र प्राप्त विश्वविद्यालयको सूची र वरियताक्रम तोकिए बमोजिम प्रकाशन गर्नु पर्नेछ ।

९५. काम कारवाही बदर नहुने : आयोग वा विश्वविद्यालयको कुनै संगठनको कुनै सदस्यको स्थान रिक्त रहेको वा आयोग वा विश्वविद्यालयका कुनै संगठनको गठनमा कुनै त्रुटि भएको कारणले मात्र आयोग वा विश्वविद्यालयका कुनै संगठनबाट भए गरेका काम कारवाही बदर हुने छैन ।

९६. नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने : आयोग तथा विश्वविद्यालयले नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा निर्णय गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

९७. अधिकार प्रत्यायोजन गर्न सक्ने : (१) आयोगले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विश्वविद्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) आयोगले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आयोगको उपाध्यक्ष, सदस्य वा अन्य अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) विश्वविद्यालले यो ऐन र यस ऐन अन्तर्गत बनेको विधान वा नियम बमोजिम आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विश्वविद्यालयका पदाधिकारी वा आफू अन्तर्गतका निकाय वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

९८. नेपाल सरकारसँग सम्पर्क : (१) नेपाल सरकारसँग सम्पर्क राख्दा आयोगले मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

(२) नेपाल सरकारसँग सम्पर्क राख्दा विश्वविद्यालय तथा सेवा आयोगले आयोग मार्फत राख्नु पर्नेछ ।

९९. यसै ऐन बमोजिम हुने: विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालय, प्रतिष्ठान, आयोग, परिषद्, सम्बन्धित बिषयगत काउन्सिल तथा निकायहरूसँग सम्बन्धित प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम हुनेछ ।

१००. नियम बनाउने अधिकार : नेपाल सरकारले यस ऐनको कार्यान्यनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

१०१. विनियम बनाउने अधिकार : आयोग तथा विश्वविद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विश्वविद्यालयको विधानको अधीनमा रही आवश्यक विनियम बनाउन सक्नेछ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

१०२. निर्देशिका वा कार्यविधि बनाउन सक्ने: यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आयोगले आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

१०३. खारेजी र बचाउ : (१) विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० र छात्रवृत्ति ऐन, २०२१ खारेज गरिएकोछ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका ऐन अन्तर्गत भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछन् ।

(३) उपदफा (१) बमोजिम खारेज भएका ऐन अन्तर्गत नियुक्त वा मनोनयन भएका पदाधिकारी र कर्मचारी यसै ऐन बमोजिम नियुक्त वा मनोनयन भएको मानी सोही ऐन बमोजिमको पदावधिसम्म बहाल रहनेछन् ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल